Microfinance

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको संस्था)



10th ANNUAL REPORT

१०औं वार्षिक प्रतिवेदन

(२०७९/०८०)

10th ANNUAL REPORT 2079/080

Boosting Agriculture .....

Thinking Food Security & Poverty Reduction

सञ्चालक समिति



श्री डम्मर मणि थेबे लिम्बु
अध्यक्ष (संस्थापक)



श्री राजेश्वरप्रसाद आचार्य
संचालक (संस्थापक)



श्री विश्वराम खड्का
सञ्चालक (संस्थापक)



श्री हरी बहादुर भण्डारी
सञ्चालक (संस्थापक)



श्री भक्तराम खड्का
संचालक (सर्वसाधारण)



श्रीमती अनुपा ओझा
संचालक (सर्वसाधारण)



श्री निरंजन पराजुली
संचालक (स्वतन्त्र)



श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

बिषयसूची

क्र.सं.	विवरण	पेज नं.
१	संक्षिप्त परिचय	२
२	कार्यक्षेत्र तथा शाखा कार्यालयहरुको विवरण	२
३	संस्थाद्धारा प्रवाहित वित्तीय तथा गैर वित्तीय सेवाहरु	३
४	सदस्यको प्रकार	५
५	विगत देखि हालसम्मको कार्यक्रमगत झलक	५
६	दशौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना	१०
७	आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन :	१२
	७.१ वित्तीय कारोवार तथा मुख्य क्रियाकलापहरुको सिंहावलोकन	१२
	७.२ मानव संसाधन तथा क्षमता अभिवृद्धि	१४
	७.३ संचालक तथा प्रमुख कार्यकारी अधिकृतको तालिम, अध्ययन तथा अवलोकन भ्रमण	१६
	७.४ प्रविधिको विकास	१६
	७.५ सञ्चालक समितिमा भएको हेरफेर	१६
	७.६ संस्थागत सुशासन	१७
	७.७ आन्तरिक नियन्त्रण प्रणाली	१७
	७.८ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व	१९
	७.९ कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध	२०
	७.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई पारेको प्रभाव	२०
	७.११ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिति	२०
	७.१२ सम्पत्ति तथा दायित्वको अवस्था	२१
	७.१३ बोनस शेयर र नगद लाभांश बाँडफाँड	२१
	७.१४ लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया	२१
	७.१५ भावि योजना तथा कार्यक्रमको सम्बन्धमा सञ्चालक समितिको धारणा	२१
	७.१६ संस्थाको कारोवारलाई असर पार्न सक्ने मूख्य बिषयहरु	२३
	७.१७ वित्तीय संस्था प्राप्ति (एक्विजिशन) सम्बन्धमा	२४
८	कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण	२६
९	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१५ को विवरण	३०
१०	संस्थागत सुशासन सम्बन्धि वार्षिक अनुपालना प्रतिवेदन	३२
११	लेखापरीक्षकको प्रतिवेदन, वित्तीय विवरण, प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरु (नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार)	४०
१२	आ.व. २०७९/०८० को लक्ष्य अनुसारको प्रगति विवरण	१०५
१३	प्रस्तावित प्रवन्धपत्र तथा नियमावलीको बुंदाहरु संशोधन सम्बन्धी तीन महले विवरण	१०६
१४	वित्तीय विवरण प्रकाशन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैकबाट प्राप्त कैफियत	१०७
१५	वित्तीय विवरण प्रकाशन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैकबाट प्राप्त कैफियतको प्रत्युत्तर	१०८
१६	प्रोक्सी फाराम	१०९
१७	व्यवस्थापन समुह	११०
१८	शाखा प्रमुखको विवरण	११०
१९	टिप्पणी	११३

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

बनेपा, काभ्रेपलाञ्चोक

१. संक्षिप्त परिचय :

कम्पनी स्थापना मिति	२०७०/०१/०२
कम्पनी दर्ता नं.	१११५४८/०६९/०७०
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (साविक)	२०७०/०५/०२
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (मर्जर पश्चात् कायम)	२०७५/१०/१४
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (साविक)	ने.रा.बैंक/इ.प्रा./"घ"/३४/०७०/७१
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (मर्जर पश्चात् कायम)	ने.रा.बैंक/इ.प्रा./"घ"/९४/०७५/७६
एकीकृत वित्तीय कारोवार इजाजत प्राप्त मिति	२०७८/०१/०२
शाखा कार्यालयबाट कारोबार शुरु गरेको मिति	२०७०/०५/०९
स्थायी लेखा नं.	६०१०२८२४९
केन्द्रीय कार्यालयको ठेगाना	बनेपा न.पा., वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.	०११-५९७००००
ईमेल	samata@samata.org.np

२. कार्यक्षेत्र तथा शाखा कार्यालयहरूको विवरण (२०८० फागुन मसान्तसम्मको):

प्रदेश	हाल कार्यक्रम संचालित जिल्ला		शाखा कार्यालयहरुको विवरण	
	जिल्ला संख्या	जिल्लाको विवरण	शाखा संख्या	शाखाको विवरण
कोशी प्रदेश	२	सुनसरी, उदयपुर	२	झुम्का, लालबजार
मधेस प्रदेश	७	बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा	२६	कलैया, निजगढ, कोल्हवी, बरियारपुर, सिम्रौनगढ, सिमरा, आदर्शकोतवाल, फेटा, कठहरिया, चन्द्रनिगाहपुर, शिवनगर, गौर, शुकदेवचोक, लौकाहा, लालबन्दी, बरहथवा, बर्दिबास, जलेश्वर, रामगोपालपुर, गौशला, बहुवारी, मनवा, पोखरिया, महेन्द्रनगर, धनुषाधाम, बिष्णुपुर
बागमती प्रदेश	११	काठमाडौं, ललितपुर, मकवानपुर, धादिङ, नुवाकोट, चितवन, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली,	१६	सिन्धुली, दुधौली, चित्रासरी, जमुनापुर, हर्दि, महांकाल, बनेपा, कोशिपारी, चरिकोट, बट्टार, कुलेखानी, भिरकोट, एक्लेफाँट, भिमटार, ठोसे, गोदामचौर
गण्डकी प्रदेश	१	पूर्वी नवलपरासी	३	गैडाकोट, कोल्हुवा, दुम्किबास
लुम्बिनी प्रदेश	६	पश्चिम नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ, बाके, बर्दिया	१०	सरावल, अहिरौली, भुजौली, चन्द्रौटा, देउपुर, दुलैया, मनकामनापुर, कौशिलापुर, देउढाकला, शाहिपुर

प्रदेश	हाल कार्यक्रम संचालित जिल्ला		शाखा कार्यालयहरुको विवरण	
	जिल्ला संख्या	जिल्लाको विवरण	शाखा संख्या	शाखाको विवरण
कर्णाली प्रदेश	१	सुर्खेत	१	शुभघाट
सुदुरपश्चिम प्रदेश	२	कैलाली, कंचनपुर	३	चौरी, गुलरिया, भाँसी
जम्मा	३०		६१	

३. संस्थाद्वारा प्रवाह गरिने वित्तीय तथा गैर वित्तीय सेवा :

३.१. वित्तीय सेवा अन्तर्गत:

कर्जा सेवा

क्र.सं.	कर्जाको प्रकार	व्याजदर	अधिकतम् सिमा	सेवा शूल्क
१	कृषि तथा पशुपालन कर्जा (धितो तथा विना धितो)	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. ७ लाख सम्म	१.५ %
२	व्यवसाय प्रवर्द्धन कर्जा	१५%	व्यवसाय प्रवर्द्धन बचत खाता मौज्दातको तीन गुणासम्म रु. १ लाख ५० हजारमा नबढ्ने गरि	१.५ %
३	बैकल्पिक उर्जा कर्जा	१५%	रु. १ लाख सम्म	१.५ %
४	लघुउद्यम कृषि तथा व्यवसायिक कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. १५ लाख सम्म	१.५ %
५	शैक्षिक कर्जा	१५%	विना धितो रु. २ लाख सम्म र धितो रु. ७ लाख सम्म	१.५ %
६	घर निर्माण कर्जा	१५%	धितो रु. ७ लाख सम्म	१.५ %
७	बैदेशिक रोजगार कर्जा	१५%	विना धितो रु. २ लाख सम्म र धितो रु. ७ लाख सम्म	१.५ %
८	आधारभुत घरायसी उपकरण कर्जा	१५%	विना धितो रु. २ लाख सम्म	१.५ %
९	आर्जनमुखी सवारी कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म	१.५ %
१०	सीप प्रवर्द्धन कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितो रु. ७ लाख सम्म	१.५ %
११	चाडपर्व कर्जा	१५%	विना धितो रु. १० हजार सम्म	१.५ %
१२	सजिलो कर्जा	१५%	विना धितो रु. ३० हजार सम्म	१.५ %
१३	स्वास्थ्य कर्जा	१५%	विना धितो रु. २० हजार सम्म	१ %

बचत सेवा

क्र.सं.	बचतको प्रकार	व्याजदर	बचत गर्ने रकम र अवधि
१	अनिवार्य बचत	७.५ %	प्रत्येक महिना रु. १००/- को दरले
२	स्वास्थ्य बचत	७.५ %	सदस्यको इच्छा अनुसार खाता खोलि प्रत्येक महिना रु. ४०/- को दरले
३	ऐच्छिक बचत	७.५ %	चाहेको रकम जुनसुकै बेला जम्मा गर्न र फिर्ता गर्न सकिने
४	भविष्य सुरक्षा बचत	७.५%	रु. २०००/- मा खाता खोल्न सकिने त्यसपछि सदस्यको प्रकार बमोजिम बचत गर्दै जानु पर्ने
५	ट्रान्जेक्सन लिङ्क खाता	७.५%	सदस्यले किस्ताको म्याद अगाडि बुझाएको किस्ता रकम जम्मा गरिने

क्र.सं.	बचतको प्रकार	व्याजदर	बचत गर्ने रकम र अवधि
६	सजिलो बचत	७.५%	सदस्यले आफ्नो इच्छा अनुसार रु. १५०/- को दरले ।
७	व्यवसाय प्रवर्द्धन बचत	७.५%	रु. २,०००/- मा खाता खोलि आवश्यकता अनुसार रकम जम्मा गर्न र झिक्न सकिने
८	चाडपर्व बचत	७.५%	सदस्यको ईच्छा अनुसार खाता खोलि प्रत्येक महिना रु. २५/- को दरले
९	सिर्जनशील बालयुवा बचत	७.५%	सदस्यको ईच्छा अनुसार खाता खोलि प्रत्येक महिना रु. १००/- का दरले
१०	समता स्वर्णिम बचत	१०.२५%	ने.रा.बैंकको पछिल्लो निर्देशन अनुसार हाल यस प्रकारको नयाँ बचत योजना बन्द गरिएको ।

लघु बीमा

क्र.सं.	बीमाको प्रकार	प्रिमियम शूल्क	बीमा दावी शर्त	सहकार्य एजेन्सी
१	**लघुवित्त तथा विपन्न वर्ग कर्जा बीमा**	कर्जा रकमको वार्षिक ०.४०७ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको असामयिक निधन भएमा शत् प्रतिशत, दुर्घटनाबाट निधन भएमा थप १०० प्रतिशत बीमाङ्क रकम र काजकृया वापत निजको परिवारलाई नियमानुसार उपलब्ध हुने ।	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२	**लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण बीमा**	कर्जा रकमको वार्षिक ०.४ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको निधन भएमा बाँकी रहेको कर्जाको शत् प्रतिशत र कर्जाको भाका नाघेर खराव कर्जामा परिणत भएमा बाँकी कर्जाको ७५ प्रतिशत रकम उपलब्ध हुने ।	निक्षेप तथा कर्जा सुरक्षण कोष

३.२ गैर वित्तीय सेवा अन्तर्गत :

वित्तीय संस्थाले वित्तीय सेवाको अलावा आफ्नो ग्राहक सदस्यहरुको हित हुने गरी विभिन्न गैर वित्तीय क्रियाकलापहरु संचालन गर्दै आइरहेको छ भने संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखी अघि बढिरहेको छ ।




४. सदस्यको प्रकार :

सदस्यहरुको कर्जा सदुपयोगिता, पछिल्लो कर्जा तिरेको इतिहास, बचत गर्ने बानी र सदस्यता अवधीको आधारमा सदस्यहरुलाई देहाय बमोजिम चार प्रकारमा विभाजन गरि सोही अनुरुपको कर्जा सेवा तथा अन्य सुविधाहरु उपलब्ध गराउने व्यवस्था रहेको छ।


क्र.सं.	सदस्यको प्रकार	मापदण्ड	संकेत
१	साधारण सदस्य (General Member)	नयाँ दर्ता भएका सबै सदस्यहरु साथै बैठकमा नियमित उपस्थित भई बचत तथा किस्ता समेत नियमित भएको।	
२	सिल्वर सदस्य (Silver Member)	सदस्य भएको न्यूनतम १ बर्ष ६ महिना पुरा भएको साथै तोकिएको अन्य मापदण्डहरु पुरा भएको।	★
३	गोल्डेन सदस्य (Golden Member)	सदस्य भएको न्यूनतम ३ बर्ष पुरा भएको साथै तोकिएको अन्य मापदण्डहरु पुरा भएको।	★★
४	डायमण्ड सदस्य (Diamond Member)	सदस्य भएको न्यूनतम ४ बर्ष ६ महिना पुरा भएको साथै तोकिएको अन्य मापदण्डहरु पुरा भएको।	★★★

५. विगत देखि हालसम्म कार्यक्रमगत झलक :


५.१ आवद्ध ग्राहक सदस्य :



५.२ ऋणी सदस्य :




५.३ कर्जा लगानी (रु. हजारमा) :




नोट :आ.व. २०७९/०८० देखि NFRS बमोजिम वित्तीय विवरण तयार गरिएको हुँदा सोहि बमोजिम समिक्षा अवधिको प्रस्तुतसँग एकरुपताको लागि तुलनात्मक वित्तीय विवरणहरुमा आवश्यकता अनुसार पुर्नमुल्यांकन तथा पुर्नवर्गिकरण गरिएको छ ।

५.४ निक्षेप संकलन (रु. हजारमा) :




५.५ कूल चुक्ता पूँजीमा भएको परिवर्तन (रु. हजारमा)




नोट : आ.व. २०७९/०८० देखि NFRS बमोजिम वित्तीय विवरण तयार गरिएको हुँदा सोहि बमोजिम समिक्षा अवधिको प्रस्तुतसँग एकरुपताको लागि तुलनात्मक वित्तीय विवरणहरुमा आवश्यकता अनुसार पुर्नमुल्यांकन तथा पुर्नवर्गिकरण गरिएको छ ।

५.६ जगेडा तथा अन्य कोष (रु. हजारमा)




नोट : आ.व. २०७९/०८० देखि NFRS बमोजिम वित्तीय विवरण तयार गरिएको हुँदा सोहि बमोजिम समिक्षा अवधिको प्रस्तुतसँग एकरुपताको लागि तुलनात्मक वित्तीय विवरणहरुमा आवश्यकता अनुसार पुर्नमुल्यांकन तथा पुर्नवर्गिकरण गरिएको छ ।

५.७ खुद मूनाफा (रु. हजारमा)



नोट :आ.व. २०७९/०८० देखि NFRS बमोजिम वित्तीय विवरण तयार गरिएको हुँदा सोहि बमोजिम समिक्षा अवधिको प्रस्तुतसँग एकरुपताको लागि तुलनात्मक वित्तीय विवरणहरुमा आवश्यकता अनुसार पुर्नमुल्यांकन तथा पुर्नवर्गिकरण गरिएको छ ।

५.८ लाभांश वितरण- नगद तथा बोनस शेयर (%)



६. दशौँ वार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशित सार्वजनिक सूचना :

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक

दशौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०८ गते

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० चैत ०६ गते मंगलबारको दिन बसेको सञ्चालक समितिको १५४ औ बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको दशौँ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०८०/१२/२९ गते बिहिवार तदनुसार अप्रिल ११, २०२४

समय : बिहान ११:३० बजे,

स्थान : नमोबुद्ध बैक्वेट एण्ड इभेन्ट, बनेपा-७, काभ्रेपलाञ्चोक

छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची

क. **सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. आर्थिक बर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ०.२८५४ प्रतिशतले हुन आउने रकम ११,२४,८४५.८४ (अक्षरेपी एघार लाख चौविस हजार आठ सय पैतालिस दशमलव आठ चार रुपैया मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

ख. **विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३९,४१,५५,८२१/- को ५.४२२२ प्रतिशतले हुन आउने रकम रु. २,१३,७२,०७१.०५ (अक्षरेपी दुई करोड तेह्र लाख बहत्तर हजार एकहत्तर दशमलव शून्य पाँच रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(शेयर संरचना अनुपात ७०:३० (संस्थापक : सर्वसाधारण) कायम गराउँने उद्देश्यले नपुग शेयर रु. ३,३२,८५,६००/- बराबरको शेयर थप सार्वजनिक निष्काशन (FPO) सम्बन्धी प्रक्रियामा रहेको हुँदा Book Close भन्दा अगावै उक्त शेयर समायोजन भए समायोजित शेयरधनीहरुलाई समेत प्रस्तावित लाभांश वितरण गरिनेछ ।)

२. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउँनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति कार्य पश्चात् बन्ने वित्तीय संस्थाको संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत प्राप्ति (एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

३. थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यू) सम्बन्धमा ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिमा नियमानुसार क्रमशः सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

ग. **विविध**

सञ्चालक समितिको आज्ञाले,

.....

कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको शेयर लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०८०/१२/१९ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०८०/१२/१९ गते भन्दा अधिल्लो दिनसम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता किताव कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।

३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखि वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट धधधा।कबबतबा।यचना।लउ बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धीत समुह कै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरि केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्वन्धीत समुहको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनि शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलव्ध हुनेछ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७०००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

दशौं वार्षिक साधारण सभामा
सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत
आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन

७. आर्थिक वर्ष २०७९/०८० को विस्तृत वार्षिक प्रतिवेदन :

आदरणीय शेयरधनी महानुभावहरु,

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको गरिमामय दशौं वार्षिक साधारण सभामा उपस्थित् सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायहरुबाट पाल्नु भएका प्रतिनिधि, पत्रकार एवम् आमन्त्रित अतिथी ज्यूहरुलाई म स्वयम् तथा सञ्चालक समितिको तर्फबाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु। यस संस्थाको आर्थिक बर्ष २०७९/०८० मा भएको कारोबारहरुको समिक्षा गरि भावि नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्न यहाँहरुले सदा झै मार्गदर्शन गर्नुहुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस सभामा आर्थिक वर्ष २०७९/०८० को कारोवारको सिंहावलोकन, संस्थाले हासिल गरेको प्रगति, प्राप्त उपलब्धीहरु, संस्था संचालनमा भोग्नु परेका चुनौतीहरु एवम् आगामी अल्पकालिन तथा दीर्घकालिन योजनाहरु र समग्र वित्तीय कारोवारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ तथा बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, लगायत प्रचलित कानून तथा नेपाल राष्ट्र बैकद्वारा जारी आर्थिक वर्ष २०७९/०८० को मौद्रिक नीति, "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७९ साथै समय सापेक्ष जारी गरिएका निर्देशनहरुको अधिनमा रहि तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट संस्थाको दशौं वार्षिक साधारण सभामा यहाँहरु समक्ष पेश गर्न अनुमति चाहन्छु साथै यसमा आवश्यक सूझाव सहित समर्थनको लागि समेत अनुरोध गर्दछु।

७.१ वित्तीय कारोवार तथा मूख्य क्रियाकलापहरुको सिंहावलोकन :

यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/०८० को अन्त्य सम्ममा नेपाल अधिराज्यको सात वटै प्रदेशमा शाखाहरु विस्तार गरि वित्तीय संस्थाको प्रतिनिधित्व गराउँन सफल भएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु। सात वटा प्रदेश अन्तर्गतको ३० जिल्लाहरुमा कुल ६१ वटा शाखा कार्यालयहरु मार्फत कुल ६१,२८९ सक्रिय ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। संस्थाले आर्थिक वर्ष २०७९/०८० को अन्त्य सम्ममा ग्राहक सदस्यहरुबाट रु. ९८ करोड १३ लाख ८३ हजार ३ सय ८४ रुपैया बराबरको निक्षेप संकलन गरेको छ भने ३२,९९९ जना ऋणी सदस्यहरुलाई कूल रु. २ अर्व ९२ करोड ६२ लाख १२ हजार २ सय ९६ रुपैया बराबरको कर्जा लगानी गरेको छ।

विगतमा कोरोना भाईरस (कोभिड-१९) को महामारीले सिर्जना गरेको असहज परिस्थिति, लघुवित्त कार्यक्रम विरोधी समूहले संचालन गर्दै आईरहेको अराजक गतिविधिहरु, वित्तीय बजारमा देखिएको चरम तरलताको अभाव आदिको कारण लघुवित्त क्षेत्रलाई प्रत्यक्ष रुपमा प्रभाव पार्दै आईरहेको यथार्थ हामी माझ सर्वविदितै छ। समिक्षा वर्षमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभाव सँगै बैंक तथा वित्तीय संस्थाहरुको थोक बिपन्न कर्जाको वार्षिक व्याजदर अत्याधिक मात्रामा बृद्धि भई २०८० असार मसान्तसम्ममा यस वित्तीय संस्थाको बैंक तथा वित्तीय संस्थाहरुको थोक बिपन्न कर्जाको वार्षिक औषत व्याजदर करिब १३ प्रतिशत भन्दा बढि नै कायम रहँदा वित्तीय संस्थाद्वारा ग्राहक सदस्यहरुलाई प्रवाह गरिने कर्जा लगानीको व्याजदर भने नेपाल राष्ट्र बैंकद्वारा यस अघि तोकिएको

वार्षिक १५ प्रतिशत व्याजदर नै कायम हुँदा संस्थाको वित्तीय आम्दानीमा प्रत्यक्ष असर परेको छ। उल्लेखित विभिन्न समस्या तथा चुनौतिहरुको बाबजुद समिक्षा वर्षमा वित्तीय संस्थाको खुद मूनाफा रु. ८ करोड ३० लाख ५ हजार २ सय ३१ रुपैया कायम गराउँन सफल भएको व्यहोरा समेत गरिमामय सभालाई अवगत गराउँन चाहन्छु ।

समिक्षा वर्षमा नेपाल राष्ट्र बैंकको निर्देशानुसार जगेडा तथा अन्य कोषहरुमा आवश्यक रकम ब्यवस्था गर्नुका साथै शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै सञ्चालक समितिले आर्थिक वर्ष २०७९/०८० सम्मको बितरणयोग्य मूनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पुँजी रु. ३९ करोड ४१ लाख ५५ हजार ८ सय २१ रुपैयाको ५ प्रतिशत बोनस शेयर वितरणको प्रस्ताव समेत गरेको छ। उक्त प्रस्ताव यस गरिमामय सभाद्वारा पारित भई वितरण भएपश्चात कुल संञ्चिप्त मुनाफामा रु ६६ लाख ४५ हजार ९ सय ३१ रुपैंया कायम रहने व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु। साथै, चालु आर्थिक वर्षमा हाल संचालित शाखाहरुको क्षमता अभिबृद्धि सँगै व्यवसाय विस्तार तथा नियमित कर्जा असुली, प्रचलित नीति नियमहरुको परिपालना आदिमा विशेष ध्यान दिनुको साथै वित्तीय बजारको अवस्थालाई दृष्टिगत गरि थप नयाँ शाखाहरु समेत विस्तार गर्ने रणनीतिक योजना सहित सोको उत्कृष्ट कार्यान्वयन मार्फत वित्तीय संस्थाको समग्र वित्तीय सूचकहरुमा अपेक्षित सुधार ल्याई संस्थाको छविलाई थप उचाईमा पुऱ्याउन साथै शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न यस वित्तीय संस्था सक्षम रहने व्यहोरामा संञ्चालक समिति विश्वस्त रहेको छ।

ग्राहक सदस्यहरुको हक हित एवम् संरक्षणलाई मध्यनजर गर्दै आवश्यक संशोधन सहित ग्राहक संरक्षण कोष कार्यविधि २०७८ लागू गरि सोहि अनुसार कार्यान्वय प्रक्रिया अघि बढाउँदै आईरहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु । समिक्षा अवधिमा संस्थाले आवद्ध ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि वित्तीय क्रियाकलापहरुको साथ साथै गैर वित्तीय क्रियाकलापहरु जस्तै वित्तीय साक्षरता, सीप विकास तालिम आदिलाई समेत विशेष प्राथमिकताका साथ अघि बढाईरहेको छ। त्यसै गरि संस्थाको सामाजिक उत्तरदायित्वलाई प्रभावकारी ढंगले अघि बढाउन आवश्यक संशोधन सहित संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ लागू गरि सोहि अनुसार कार्यान्वयन प्रक्रिया अघि बढाउँदै आईरहेको छ । समिक्षा अवधिमा ग्रामीण समुदायको मानिसहरुलाई वित्तीय रुपमा साक्षर बनाउने उद्देश्यले संस्थाको तालिम प्राप्त सहजकर्ताहरुले करिब ८१२ जना लक्षित वर्गलाई वित्तीय सचेतना कार्यक्रम संचालन गरेको व्यहोरा समेत यस गरिमामय वार्षिक साधारण सभालाई अवगत गराउन चाहन्छु।

अब म आर्थिक वर्ष २०७९/०८० मा भएको कार्यक्रम विस्तार तथा संस्थाको मूख्य वित्तीय सूचकहरुमा देखिएको परिवर्तनहरु बारे यस सभालाई संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु।

क्र.सं	विवरण	इकाई	२०७९ असार मसान्तसम्म	२०८० असार मसान्तसम्म	बृद्धि प्रतिशत
कार्यक्षेत्र तथा कार्यक्रम विस्तार :					
१	कार्यक्षेत्र जिल्ला	संख्या	३०	३०	०%
२	शाखा कार्यालय	संख्या	६१	६१	०%
३	ग्राहक सदस्य	संख्या	५९,५०९	६१,२८९	३%
४	केन्द्र	संख्या	४,८५८	५,१९८	७%
५	समुह	संख्या	१४,२६४	१४,४४०	१%
६	ऋणी सदस्य	संख्या	३७,१२१	३२,९९९	-११%

क्र.सं	विवरण	इकाई	२०७९ असार मसान्तसम्म	२०८० असार मसान्तसम्म	बृद्धि प्रतिशत
प्रमुख वित्तीय सूचकहरु :					
१	लगानीमा रहेको कर्जा	रु.	३,४३३,६७२,६३६	२,९२६,२१२,२९६	-१५ %
२	कुल चुक्ता पूँजी	रु.	३४२,७४४,१९२	३९४,१५५,८२१	१५ %
३	सदस्यको बचत	रु.	१,२०२,६५५,७३७	९८१,३८३,३८४	-१८ %
४	तिर्न बाकी कर्जा सापट	रु.	१,७४६,६२०,८८७	१,४०६,७५८,११५	-१९ %
५	व्याज खर्च	रु.	२३४,७२४,७११	२७२,०७६,२५७	१६ %
६	कर्मचारी खर्च	रु.	११२,७९६,८०५	१२४,२२३,८६०	१० %
७	अन्य संचालन खर्च	रु.	३७,९०४,१३४	३३,९२५,४०४	-१० %
८	कर्जा नोक्सानी व्यवस्था	रु.	१२७,३२७,६४६	६३,८११,९६२	-५० %
९	खुद मुनाफा	रु.	३८,०४८,१९२	८३,००५,२३१	११८ %
१०	पुँजीकोष अनुपात	प्रतिशत	१३.४१%	१६.४७%	३.०६%

७.२ मानव संसाधन व्यवस्थापन तथा क्षमता अभिवृद्धि :

संस्थाको ब्यवस्थापनमा वित्तीय क्षेत्रमा लामो अवधिको अनुभव हासिल गरि सकेका योग्य, दक्ष कर्मचारीहरु रहेका छन् । कर्मचारीहरु संस्थाको मेरुदण्ड हुन् भन्ने मान्यतालाई आत्मसात् गरि उहाँहरुको क्षमता अभिवृद्धि तथा बृत्ति विकासको लागि समय सापेक्ष विभिन्न तहका कर्मचारीहरुलाई आवश्यक आन्तरिक तथा बाह्य तालिम तथा प्रशिक्षण संस्थाले दिदैँ आइरहेको छ । कर्मचारी सेवा विनियमावली २०७८ मा भएको व्यवस्था बमोजिम कार्यरत कर्मचारीहरुको कार्यक्षमता मुल्यांकनको आधारमा सरुवा, बढुवा एवम् अन्य सुविधाहरु बृद्धि गर्ने गरि कार्यान्वयन प्रक्रिया अघि बढाउँदै आइरहेको छ । यसका अतिरिक्त संस्था सदैव योग्य, दक्ष, लगनशील तथा इमान्दार कर्मचारीहरु नियुक्त गर्न र त्यस्ता योग्य कर्मचारीहरुलाई संस्थाको सेवामा कायमै राख्न उत्प्रेरित गर्नमा प्रतिवद्ध रहदैँ आएको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि बार्षिक Training Calender तयार गरि आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठीहरु संचालन गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

समिक्षा अवधिमा नियमानुसार गत वर्षको कर्मचारीको कुल तलब भत्ताको कम्तिमा ३ प्रतिशत अर्थात् रु. २७ लाख ७ हजार १ सय २१ रुपैया कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिमा खर्च गर्नुपर्नेमा समिक्षा अवधिमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आन्तरिक तथा बाह्य तालिममा रु.२५ लाख ५४ हजार ६२ रुपैया अर्थात २।८३ प्रतिशत खर्च गरिएकोमा नपुग रकम रु. १ लाख ५३ हजार ५९ रुपैया कर्मचारीको दक्षता अभिवृद्धि कोष खडा गरि चालु आर्थिक वर्षमा खर्च गर्ने योजनाको साथ वित्तीय संस्था अघि बढेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

अब म आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्ममा कायम मानव संसाधन संरचना र क्षमता अभिवृद्धि सम्वन्धी क्रियाकलापहरु बारे संक्षिप्तमा देहाय बमोजिम जानकारी गराउँन चाहन्छु ।

■ मानव संसाधन संरचना :

क्र.सं.	तह/श्रेणी	जनशक्ति संख्या
१	व्यवस्थापकीय श्रेणी	५
३	अधिकृत श्रेणी	१३
४	सहायक श्रेणी	२१०
५	सहयोगी तह/श्रेणी	५७
	जम्मा	२८५

■ कर्मचारी क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरूको विवरण :

क्र.स	तालिम/सेमिनार/कार्यशाला गोष्ठी	तालिम प्रदायक संस्था	तालिम संचालन स्थान/माध्यम	आन्तरिक/बाह्य	सहभागी संख्या
1	Field Operaction And Management Training	Banking Training Institute P. Ltd	hotel asiatique Biratnagar	External	2
2	Enhancing Collateral management Matra28	Shrawan Kumar Support Pvt Ltd	Hotel Pauwa bhairaha	External	2
3	NPL Management Focused Branch Management	Banking Training Institute P. Ltd	Hotel Janakpur In	External	4
4	Manging Loan Delinquency	Center For Microfinance	kathmandu Chawahil	External	2
5	Enhancing Saving Mobilazition & Recovery Matra	Shrawan Kumar Support Pvt Ltd	Bardibas	External	4
6	workshop on Effective Department Management	Shrawan Kumar Support Pvt Ltd	Hotel country villa Nagarkot	External	17
7	Field Management Training	Shrawan Kumar Support Pvt Ltd	Jugal Hotel Dhulikhel	External	30
8	Field Management Training	Shrawan Kumar Support Pvt Ltd	Jugal Hotel Dhulikhel	External	30
9	Nepals AML/CFT Regime Go-AML System For Microfinance	National Banking Institute LTD	Kathmandu Naksal	External	2
10	Current Scenario of Microfinance	First Microfinance Laghubitta	Chitwan	External	2
11	Saving Mobilization & Recovery Mantra 11	Shrawan Kumar Support Pvt Ltd	Nepalgunja	External	5
12	Essential Management Skills	Banking Training Institute P. Ltd	Chitawan	External	2
13	Managing Field Opreations	Center For Microfinance Nepal	Dhangadi	External	2
14	Nepal Finincial Reporting Standards For Microfinance	National Banking Institute LTD	kathamandu	External	1
15	NPL Management Focused Branch Management With Fundamentals of credit Analysis	Banking Training Institute P. Ltd	Nepalgunja	External	2
16	Traning of Trainers (TOT) On Financial Literacy Program	Center For Micro Finance	Kathmandu	External	2
17	Microfinance Conference 2023	National Banking Institute LTD	kathmandu	External	2
18	Managing Field Opreations	Center For Micro Finance	koholpur	External	3
19	Deliquency Management	Union House pvt Ltd	Banepa	External	56
20	Field Management Training	Samata Gharelu Laghubitta Bittiya Sanstha	Chandrauta Kapilbastu	Internal	25
21	Field Management Training	Samata Gharelu Laghubitta Bittiya Sanstha	Koholpur Banke	Internal	26
Total					221

७.३ सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमण :

आर्थिक वर्ष २०७९/०८० मा संचालकहरुको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमण नभएको व्यहोरा यस सभालाई जानकारी गराउँन चाहन्छु । त्यसैगरि "संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कार्यविधि, २०७८" मा भएको प्रावधान अनुसार संचालक समितिको निर्णय बमोजिम Corporate Training Bangkok-CTB द्धारा United Kingdom-UK मा तदनुशार अप्रिल १८-२४, २०२३ मा संचालन भएको "Enhancing Administration, Finance & Logistics" सम्बन्धी तालिममा वित्तीय संस्थाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. मदन घिमिरे सहभागी हुनु भएको व्यहोरा समेत यस सभालाई अवगत गराउँन चाहन्छु।

७.४ प्रविधिको विकास :

वित्तीय संस्था मिति २०७९ श्रावण १ गते देखि संस्थाको सम्पूर्ण वित्तीय कारोवारहरु लगायत जनशक्ति व्यवस्थापन अन्तर्गत कर्मचारीहरुको कार्यसम्पदान मुल्यांकन, बिदाको व्यवस्थापन त्यसै गरि स्थिर सम्पत्तीको ह्रासकट्टि लगायत मौज्दात व्यवस्थापन, कार्यक्रमगत सम्पूर्ण विवरणहरु एवम् सम्बन्धीत नियामक निकायको आवश्यकता बमोजिमको वित्तीय प्रतिवेदनहरु सरल एवम् सहज तरिकाले उपलब्ध हुने गरि सफ्टवेयर सेवा प्रदायक कम्पनी Synergy Tech Solution Company सँग सहकार्य गरि सो कम्पनीको Core Banking System (Mfin Plus) कार्यान्वयनमा ल्याईएको साथै Data Backup को लागि सोहि कम्पनीसँग सहकार्य गरि Cloud मा सम्पूर्ण कारोवारहरुको व्यवस्थापन गर्दै आइरहेको छ। वित्तीय संस्थाको Data Backup गरि सुरक्षित राख्ने जिम्मेवारी सेवा प्रदायक कम्पनी Himalaya Pvt. Ltd. ले लिएको भएतापनि संस्था स्वयमूले समेत समय समयमा Data Backup गरी External Hard Disk मा राख्ने कार्य गर्दै आईरहेको छ। साथै, यस सम्बन्धी सम्पूर्ण कार्यहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि छुट्टै सूचना तथा प्रविधि (आईटि) विभाग खडा गरि अनुभवि जनशक्तिहरु नियुक्ति गरि व्यवस्थापन गर्दै आइरहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु।

केन्द्रीय कार्यालय देखि सर्म्पूण शाखा कार्यालयहरुमा सिसि क्यामेरा जडान गरि हुन सक्ने सम्भावित जोखिमका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने प्रयास संस्थाले गरिरहेको छ । संस्थाको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउनको लागि Online Reporting Sytem मार्फत सरल एवम् सहज तरिकाले प्रतिवेदन तयार गरि आवश्यक विश्लेषण गर्ने परिपाटीको समेत विकास भएको छ। संस्थाले स्थापनाकाल देखि प्रयोगमा ल्याएको आफ्नो Website लाई सर्वसाधारणको सरल सहज पहुँच, संस्थाको सम्पुर्ण जानकारी सहज रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छ भने डिजिटल/भर्चुअल प्रविधि मार्फत शाखाको मासिक तथा त्रैमासिक प्रगति समिक्षा बैठक संचालन गर्ने, सञ्चालक समिति तथा उपसमितिहरुको बैठक यसै मार्फत संचालन गरि प्रविधिमैत्री हुने परिपाटीको विकास गर्नुको साथै यसमा हुन सक्ने संभावित थप प्रशासनिक खर्चहरुलाई व्यवस्थित गर्दै आईरहेको व्यहोरा समेत यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु।

७.५ सञ्चालक समितिमा भएको हेरफेर :

साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्यसम्पन्न पश्चात् बनेको तदर्थ सञ्चालक समितिको नियमानुसार पदावधी समाप्त भई मिति २०७८ पौष ७ गते सम्पन्न आठौँ वार्षिक साधारण सभाले वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को नियम २७ मा भएको व्यवस्था बमोजिम आगामी चार वर्षको लागि १ महिला सहित कुल ६ जना (संस्थापक शेयरधनीको तर्फबाट ४ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना) सञ्चालकहरु निर्वाचित भई बसेको सञ्चालक स्तरिय

बैठकले श्री डम्मर मणि थेवे लिम्बु (संस्थापक) ज्यूलाई अध्यक्षमा मनोनित गर्नुको साथै सो बैठकले नियमानुसार स्वतन्त्र सञ्चालकमा श्री निरंजन पराजुली ज्यूलाई नियुक्ति प्रदान गरेसँगै देहाय अनुसार सञ्चालक समिति गठन भई हाल कार्यान्वयनमा रहेको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउँन चाहन्छु।

सञ्चालक समितिको विवरण :

क्र.सं.	सञ्चालकको नाम, थर	पद/समुह	प्रतिनिधित्व समुह
१.	श्री डम्मर मणि थेबे लिम्बु	अध्यक्ष	संस्थापक
२.	श्री राजेश्वरप्रसाद आचार्य	संचालक	संस्थापक
३.	श्री विश्वराम खड्का	संचालक	संस्थापक
४.	श्री हरि बहादुर भण्डारी	संचालक	संस्थापक
५.	श्री भक्तराम खड्का	संचालक	सर्वसाधारण
६.	श्री अनुपा ओझा	संचालक	सर्वसाधारण
७.	श्री निरंजन पराजुली	संचालक	स्वतन्त्र

आर्थिक वर्ष २०७९/०८० मा सञ्चालक समितिको जम्मा १३ पटक बैठक बसेको र सोको माध्यमबाट महत्वपूर्ण निर्णयहरू लिई संस्थाको व्यवसायिक आवश्यकतालाई सम्बोधन गर्दै आईरहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु।

७.६ संस्थागत सुशासन :

संस्थागत सुशासन कायम राख्ने विषयमा सञ्चालक समिति र व्यवस्थापन पक्ष सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासन संस्थाको काम कारवाहीको मार्गदर्शनको रुपमा रहेको मनन गर्दै सोही अनुरुप सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरि संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूति गराउन संस्था सदैव क्रियाशील छ। वित्तीय संस्थाको सञ्चालक समिति, ब्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्न सदैव प्रतिवद्ध रहेको अवगत गराउँदछु। नेपाल राष्ट्र बैंक तथा प्रचलित ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि सञ्चालक समितिले विभिन्न नीति निर्देशिकाहरु निर्माण गरेको छ र उक्त नीति निर्देशनलाई ब्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको व्यहोरा सभालाई जानकारी गराउन चाहन्छु।

७.७ आन्तरिक नियन्त्रण प्रणाली :

नेपाल राष्ट्र बैंकद्धारा स्वीकृति लिनुपर्ने मुख्य तिन वटा विनियमावलीहरु जस्तैः कर्मचारी सेवा विनियमावली २०७८, आर्थिक प्रशासन विनियमावली २०७८, कर्जा अपलेखन विनियमावली २०७८ लगायत आन्तरिक रुपमा कार्यान्वयनमा आएको बचत तथा कर्जा निर्देशिका २०७८, आन्तरिक लेखापरीक्षण निर्देशिका २०७८, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि २०७८ सहित २५ वटा नीति, कार्यविधि तथा निर्देशिकाहरु पारित गरि कार्यान्वयनको लागि व्यवस्थापन पक्षलाई निर्देशन दिनुको साथै सोको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा समितिद्धारा समय समयमा अनुगमन गर्नुको साथै आवश्यक सल्लाह एवम् सूझावहरु प्रदान गर्दै आईरहेको छ। यस्का साथै संस्थामा आन्तरिक नियन्त्रणको लागि प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, कम्प्युटरकृत अभिलेख प्रणाली, नियमित अनुगमन जस्ता उपायका समेत अवलम्वन हुँदै आइरहेको छ। शाखाको नियमित अनुगमन तथा सुपरिवेक्षणको लागि हाल अवस्थित शाखाहरुको भौगोलिक बनावटलाई ध्यानमा राखी सात वटा ईलाकाको व्यवस्था गरि प्रत्येक ईलाकामा अनुगमन अधिकृतहरुको मुकाम राखी माहतका शाखा कार्यालयहरुको नियमित स्थलगत निरीक्षण गर्ने

व्यवस्था मिलाइएको छ। केन्द्रीय कार्यालयमा अनुगमन तथा सुपरिवेक्षण विभागको व्यवस्था गरि नियमित रुपमा मातहतका अनुगमन अधिकृत लगायत शाखा कार्यालयहरुको अनुगमन तथा सुपरिवेक्षण गर्नुका साथै बाह्य आन्तरिक लेखापरीक्षक नियुक्ति गरि त्रैमासिक रुपमा केन्द्रीय तथा शाखा कार्यालयहरुको आन्तरिक लेखापरीक्षणको कार्यलाई निरन्तरता दिईरहिएको छ। नेपाल राष्ट्र बैंकबाट स्थलगत तथा गैरस्थलगत निरीक्षणको क्रममा भए गरेका निर्देशन एवम् कैफियतहरु तथा बाह्य लेखापरीक्षणको क्रममा देखिएका कैफियतहरुलाई समेत क्रमशः सुधार गर्दै लगिएको छ। आगामी दिनमा त्यस्ता कैफियतहरु नदोहोरिने गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त हिसाबले कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

संस्थाले आफ्नो कारोवार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तथा संस्थागत सुशासन परिपालनाको प्रत्याभूतिका लागि नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाइएको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु।

क. **लेखापरीक्षण समिति** : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री निरंजन पराजुली ज्यूको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरेको छ। सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभाग प्रमुख रहने व्यवस्था भएको भएता पनि हाल सो विभागको कार्य बाह्य आन्तरिक लेखापरीक्षक नियुक्ति गरि आन्तरिक लेखापरीक्षण सम्बन्धी कामकारबाही प्रक्रिया अघि बढिरहेको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि हाललाई सो स्थानमा अनुगमन तथा सुपरिवेक्षण विभागका प्रमुखलाई तोकिएको छ। सो समितिले संस्थाको आर्थिक अवस्थाको समिक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरि संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ। आर्थिक वर्ष २०७९/०८० मा यस समितिको ४ पटक बैठक बसि आवश्यक निर्णयहरु गरि व्यवस्थापन पक्षलाई आवश्यक सल्लाह, सूझाव एवम् निर्देशन दिइएको छ।

ख. **कर्मचारी सेवा सुविधा समिति** : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री राजेश्वरप्रसाद आचार्य ज्यूको संयोजकत्वमा कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ। सो समितिको सदस्य सचिवमा जनशक्ति व्यवस्थापन विभागका प्रमुख रहेका छन्। संस्थाका आवश्यकता बमोजिम यस समितिको बैठक बसिने हुँदा समिक्षा अवधिमा कुनै पनि बैठक बस्न आवश्यक नरहेको व्यहोरा सभालाई अवगत गराउन चाहन्छु।

ग. **जोखिम व्यवस्थापन समिति** : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री हरि बहादुर भण्डारी ज्यूको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ। सो समितिमा कर्जा जोखिम तथा असुली विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ। समिक्षा अवधिमा यस समितिको ४ पटक बैठक बसेको छ। संस्थाको तरलता, कर्जा, बजार, व्यवस्थापन एवम् सञ्चालन जस्ता जोखिम पहिचान गर्ने र सम्पत्ति दायित्वको सन्तुलन राख्न जोखिम व्यवस्थापन समिति सक्रिय रहेको छ।

घ. **सम्पत्ति शुद्धीकरण अनुगमन समिति** : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री विश्वराम खड्का ज्यूको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ। सो समितिमा प्रशासन विभागका प्रमुखलाई सदस्य सचिव तोकिएको छ। समिक्षा अवधिमा यस समितिको ५ पटक बैठक बसेको छ। संस्थाको आन्तरिक सम्पत्ति शुद्धीकरण अनुगमन कार्यविधि २०७८, प्रचलित कानून र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार सम्पत्ति शुद्धीकरण अनुगमन सम्बन्धमा आवश्यक निर्णयहरु गरि व्यवस्थापन पक्षलाई आवश्यक सल्लाह, सूझाव एवम् निर्देशन दिइएको छ।

उपरोक्त समितिहरुको क्रियाशिलताले आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक रहेको देखिएको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

७.८ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व कोष :

क. **ग्राहक संरक्षण कोष** : वित्तीय संस्थाले आफ्नो ग्राहक सदस्यहरुको हित तथा संस्थागत विकासमा खर्च गर्नुको लागि प्रत्येक वर्षको नाफाबाट नियमानुसार निश्चित रकम छुट्याई ग्राहक संरक्षण कोष खडा गरेको छ। यसको प्रभावकारी सञ्चालनको लागि अलग्गै ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि २०७८ तयार गरि लागू गरिएको छ। बाढी, पहिरो, आगलागी जस्ता दैवी विपत्तिबाट पिडित ग्राहक सदस्यहरु तथा निजहरुको परिवारको स्वाथ्य उपचार, निज वा निजको परिवारको सदस्यहरुको मृत्यु, महिला सदस्यहरु सुत्केरी हुँदा केही आर्थिक सहयोग दिन ग्राहक संरक्षण कोष प्रयोग गर्दै आइरहेको छ। त्यसै गरि ग्राहक सदस्यहरुको लागि आवश्यक सीप तथा आयमूलक तालिम तथा गोष्ठीहरु सञ्चालन गर्नका लागि समेत यसै कोषको प्रयोग हुँदै आइरहेको छ।

   गत आर्थिक वर्ष २०७८/०७९ को खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु. २,०६,४३५/- ग्राहक संरक्षण कोषमा जम्मा भएको र समिक्षा अवधिमा उक्त रकमको न्यूनतम ५० प्रतिशत रकम ग्राहक संरक्षण अन्तर्गत खर्च गर्नुपर्नेमा रु. १४,१०६६५/- अर्थात् करिव ६८३ प्रतिशत रकम खर्च भएको छ। आगामी दिनमा ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि २०७८ को अधिनमा रहि ग्राहकहरुको हकहित हुने गरि कोषमा जम्मा हुन आउने रकमलाई नियमानुसार व्यवस्थित एवम् प्रभावकारी रुपमा खर्च गर्दै अघि बढिने व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

ख. **संस्थागत सामाजिक उत्तरदायित्व कोष** : वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन छुट्टै संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ तयार गरि लागू गरेको छ।

   गत आर्थिक वर्ष २०७८/०७९ को खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु. २,०६,४३५/- संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको र उक्त जम्मा हुन आएको कुल रकम मध्ये कम्तिमा ५ प्रतिशत रकम लक्षित वर्गलाई हित हुने गरि वित्तीय साक्षरता कार्यक्रमहरु संचालन गर्नुपर्ने प्रावधान रहेकोमा समिक्षा अवधिमा रु. १,००,३५०/- अर्थात् करिव ४९ प्रतिशत खर्च भएको र अन्य संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा रु. ६५,९२० अर्थात् करिब ३२ प्रतिशत खर्च भई कुल १,६६,२७० अर्थात् करिब ८१ प्रतिशत समिक्षा अवधिमा खर्च भएको साथै आगामी दिनमा संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७८ को अधिनमा रहि संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यलाई थप प्रभावकारी एवम् सक्रियताका साथ अघि बढाउने लक्ष्यका साथ वित्तीय संस्था अघि बढिरहेको व्यहोरा गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

आर्थिक वर्ष २०७९/८० मा संचालित वित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

क्र. सं.	लक्षित वर्गको प्रकार	लक्ष्य		सम्पन्न	
		कार्यक्रम संख्या	सहभागी संख्या	कार्यक्रम संख्या	सहभागी संख्या
१	नियमित आम्दानी प्राप्त गर्ने (रोजगार)	७	१७५	७	१४६
२	निश्चित आम्दानी नभएका (कृषक, साना उद्यमी)	७	१७५	७	१६४
३	विद्यार्थी (माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थी)	७	१७५	७	१७५
४	महिला	७	१७५	७	१७३
५	विप्रेषण प्रापक	७	१७५	७	१५४
	जम्मा	३५	८७५	३५	८१२

७.९. कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

वित्तीय संस्थाले आफ्नो ग्राहक वर्ग, नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएससी एण्ड क्लियरिङ्ग लि. लगायत अन्य नियामक निकाय, स्थानीय निकाय, विभिन्न संघ संस्थासँग सदैव पारदर्शिताको आधारमा व्यवसायिक एवम् आत्मीय सम्बन्ध कायम गर्दै वित्तीय सेवा विस्तारको लागि सुमधुर सम्बन्ध कायम गर्दै आएको व्यहोरा गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

७.१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :

यस वित्तीय संस्था प्रति सदस्यहरुले देखाएको सद्भाव, सहयोग एवम् विश्वासका कारण आजसम्म कुनै गम्भिर समस्या व्यहोर्नु परेको छैन। आर्थिक वर्ष २०७६/०७७ को अन्तिम त्रैमास देखि शुरु भएको कोरोना भाइरसको प्रभाव लामो समयसम्म कायम रहँदा यसले समस्त मानवको जनस्वास्थ्य, आर्थिक कारोवार र जीवन शैलीमा नकारात्मक असर पारेको कारण पछिल्लो समयमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र बैठक, कर्जा लगानी, कर्जा असुली नगद प्रवाहमा समेत असर पारेको देखिएको छ। समिक्षा अवधिमा वित्तीय बजारमा देखिएको चरम तरलताको अभावको कारण संस्थागत कार्ययोजना अनुरुपमा व्यवसाय विस्तार हुन नसकि लक्ष्य अनुसार वित्तीय आम्दानीमा समेत प्रभाव पारेको छ। साथै नियमनकारी निकायबाट हुने नीतिगत परिवर्तन, दैवि विपत्ती लगायत लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धिले गर्दा बढ्दो अस्वस्थ प्रतिस्पर्धाका कारण ग्राहक सदस्यहरुको व्यवसायमा वृद्धि हुनुको साटो ऋणको भार वृद्धि हुन गई खराव कर्जा बढ्न सक्ने जोखिम देखिएको छ। यसको बाबजुद सञ्चालक तथा व्यवस्थापन विचको आपसी समन्वय एवम् सहकार्यमा कुशल रणनीतिक कार्ययोजना सहित सफल कार्यान्वयनको कारण यस वर्ष संस्थाको मूनाफा लगायत अन्य महत्वपूर्ण सूचकहरुमा सकारात्मक सुधार ल्याउन सफल भएको व्यहोरा सहर्ष जानकारी गराउँदछु।

७.११ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिति :

वित्तीय संस्थाको आर्थिक बर्ष २०७९/०८० को बैधानिक लेखापरीक्षण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार सम्पन्न भई सोको वित्तीय विवरण तथा अनुसूचीहरु सहितको प्रतिवेदन वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न गरिएको छ। वित्तीय विश्लेषणका विभिन्न परिसूचकहरु समेत उक्त प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक वर्ष २०७९/०८० मा वित्तीय संस्थाले संस्थाको खर्चहरु मध्ये कर्मचारी खर्च शिर्षकमा रु. १२ करोड ४२ लाख २३ हजार ८ सय ६०, अन्य सञ्चालन खर्च तर्फ रु. ३ करोड ३९ लाख २५ हजार ४ सय ४, त्यसै गरी

उक्त अवधीमा ब्याज खर्च रु. २७ करोड २० लाख ७६ हजार २ सय ५७ खर्च गरेको छ। आम्दानी तर्फ समिक्षा वर्षमा ब्याज आम्दानी वापत रु. ४६ करोड १३ लाख ९५ हजार ६ सय ४८, अन्य संचालन आम्दानी बापत रु. ३ करोड ८२ लाख ४० हजार ६६ रुपैया आम्दानी गरि संस्थाले रु. ८ करोड ३० लाख ५ हजार २ सय ३१ खुद मुनाफा आर्जन गरेको छ।

७.१२ सम्पत्ति तथा दायित्वको अवस्था

आर्थिक वर्ष २०७९/०८० सम्म सदस्यहरुको निक्षेप रु. ९८ करोड १३ लाख ८३ हजार ३ सय ८४ रुपैया रहेको छ भने लगानीमा रहेको कर्जा रु. २ अर्व ९२ करोड ६२ लाख १२ हजार २ सय ९६ रुपैया रहेको छ। यस अवधीमा खुद स्थीर सम्पत्ती रु. ५ करोड ६ लाख ४८ हजार ५ सय ८०, विभिन्न बैक तथा वित्तीय संस्थामा रहेको मौज्दात (CRR समेत) रु. १२ करोड ४३ लाख ५५ हजार ३ सय १, अन्य सम्पत्ती शिर्षकमा १ करोड ९६ लाख ७६ हजार ४ सय ४५, विभिन्न बैक तथा वित्तीय संस्थाहरुमा तिर्न बाँकी कर्जा तथा सापट रकम रु. १ अर्व ४० करोड ६७ लाख ५८ हजार १ सय १५, त्यसैगरी अन्य दायित्वमा रु. ८ करोड ८७ लाख ८८ हजार ६१ रुपैया रहेको छ।

७.१३ लाभांस बाँडफाँड :

वित्तीय संस्थाले लगानीकर्ताहरुको हितलाई ध्यानमा राखि आर्थिक बर्ष २०७९/०८० सम्मको वितरण योग्य मूनाफाबाट २०८० असार मसान्तमा कायम कूल चुक्ता पूँजी रु. ३९ करोड ४१ लाख ५५ हजार ८ सय २१ रुपैयाको आधारमा देहाय बमोजिम हुने गरि प्रस्तावित लाभांश वितरण गर्न सञ्चालक समितिबाट प्रस्ताव भई नियमानुसार नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृति प्राप्त भईसकेको हुँदा उक्त प्रस्तावित लाभांस वितरणको लागि यस सभाद्वारा पारित गरि दिन हुनको लागि अनुरोध गर्दछु।

तपसिल :

क्र.सं.	विवरण	प्रतिशत (%)	रकम (रु.)	कैफियत
१	प्रस्तावित बोनस शेयर	५.४२२२%	२,१३,७२,०७१.०५	
२	प्रस्तावित नगद लाभांश	०.२८५४%	११,२४,८४५.८४	कर प्रयोजनको लागि
	जम्मा	५.७०७६%	२,२४,९६,९१६.८९	

७.१४ लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया :

वित्तीय संस्थाका लेखापरीक्षक एस एण्ड एस एसोसिएट्स् चार्टड एकाउण्टेण्ट्सका तर्फबाट सिए सुधिर कुमार शर्मा ज्यूले प्रमाणित गर्नुभएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित वित्तीय स्थितिको विवरण, नाफा/नेक्सान विवरण तथा नगद प्रवाह विवरण र सोको अनुसूचीहरु नीति संगत रहेको र उल्लेखित लेखा विवरणहरुले यस संस्थाको यथार्थ स्थितिलाई चित्रण गरेको हुनाले लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुराहरु नभएको व्यहोरा सभालाई अवगत गराउन चाहन्छु।

७.१५ प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी र भावि योजना तथा कायर्क्रमको सम्बन्धमा सञ्चालक समितिको धारणा :

चालु आर्थिक वर्षको प्रगति विवरण :

प्रतिवेदन तयार भएको मिति अर्थात आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमास (२०८० पौष मसान्त) सम्म संस्थाको संक्षिप्त प्रगति विवरण देहाय बमोजिम रहेको व्यहोरा यस सभालाई गराउन चाहन्छु।

क्र.सं.	वित्तीय विवरण	इकाई	आ.व. २०७९/०८० सम्म	२०८०/०८१ को पूष मसान्त सम्मको प्रगति	प्रगति
१	शाखा कार्यालय	संख्या	६१	६१	-
३	ग्राहक सदस्य	संख्या	६१,२८९	६१,२६६	-०.०४ %
४	ऋणी सदस्य	संख्या	३२,९९९	३१,२७५	-५ %
५	निक्षेप संकलन	रु.	९८१,३८३,३८४	९८८,७८८,०४६	०.७५%
६	लगानी रहेको कर्जा	रु.	२,९२६,२१२,२९६	३,१७३,८९१,७१२	८ %
७	तिर्न बाकी कर्जा सापट	रु.	१,४०६,७५८,११५	१,८०२,५९५,५६२	२८ %
८	संचालन मुनाफा	रु.	१२१,४७३,३८१	१९,८८०,९११	-८४ %

भावि लक्ष्य तथा कार्यक्रम :

विगतको कोरोना भाइरसको महामारीले वित्तीय क्षेत्रमा पर्न गएको असर, वित्तीय क्षेत्रमा देखिएको तरलताको चरम अभाव, लघुवित्त संस्थाहरु बीचको बढ्दो अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना, एक सदस्यमा बहुसंख्यीक संस्थाहरुबाट हुने लगानी, नेपाल राष्ट्र बैंक लगायतका अन्य नियामक निकायहरुले समय समयमा ल्याउने नीति नियमलाई समेत मध्यनजर गरी आर्थिक बर्ष २०८०/०८१ मा निम्न लिखित लक्ष्य तथा कार्यक्रमहरु सञ्चालन गर्ने योजना रहेको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु।

प्रमुख वित्तीय लक्ष्य :

क्र.सं.	विवरण	इकाई	२०८० असार मसान्त सम्म कायम (बास्तविक)	आ.व. २०८०/८१ को लक्ष्य
१	कार्यक्रम समेटिएको जिल्ला	संख्या	३०	३०
२	शाखा कार्यालय	संख्या	६१	६१
३	ग्राहक सदस्य	संख्या	६१,२८९	८६,८७०
६	ऋणी सदस्य	संख्या	३२,९९९	५७,७२४
७	कूल चुक्ता पूँजी	रु.	३९४,१५५,८२१	३९४,१५५,८२१
८	लगानीमा रहेको कर्जा	रु.	२,९२६,२१२,२९६	४,७५९,२४०,७०८
९	सदस्यको बचत	रु.	९८१,३८३,३८४	१,५००,५४३,८४६
१०	बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा	रु.	१,४०६,७५८,११५	२,७०५,४७४,००१
११	व्याज आम्दानी	रु.	४६१,३९५,६४८	५९०,३९३,९८०
१२	व्याज खर्च	रु.	२७२,०७६,२५७	३६३,२६३,८३८
१३	कर्मचारी खर्च	रु.	१२४,२२३,८६०	१२३,०४१,८२५
१४	खुद मुनाफा	रु.	८३,००५,२३१	६४,९२१,८२२

नोटः यस वित्तीय संस्थाले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गर्ने सम्बन्धी कार्य चालु आर्थिक वर्ष भित्र सम्पन्न भए उल्लेखित लक्ष्यमा केहि परिवर्तनहरु हुन सक्नेछ।

अन्य कार्यक्रमगत योजना तथा लक्ष्य :

- कर्मचारीहरुको कार्यालयमा हुने उपस्थितिलाई व्यवस्थित एवम् बैज्ञानिक बनाउनको लागि प्रत्येक शाखामा Finger Print Attendance Machine जडान गरिनुको साथै हाल जडान गरिएको CCTV लाई थप प्रभावकारी बनाउने।

- आयमूलक, सीपमूलक तथा व्यवसायिक तालिम मार्फत ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि वित्तीय संस्था स्वयम् अथवा उपयुक्त साझेदार संस्थासँगको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आन्तरिक तथा बाह्य तालिमहरु संचालन गर्ने गरि वार्षिक Training Calender तयार गरि सोहि अनुसार प्रभावकारी कार्यान्वयन गर्ने ।
- आवद्ध ग्राहक सदस्य तथा लक्षित वर्गहरुलाई वित्तीय रुपमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई योजनाबद्ध ढंगबाट अघि बढाउने ।
- ग्राहक संरक्षण कोष निर्देशिका २०७८ को अधिनमा रहि संस्थामा आवद्ध ग्राहक सदस्यहरुको हक हित, सुरक्षा एवम् सचेतनाको लागि कार्यक्रमहरु संचालन गर्ने ।
- संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन २०७८ को अधिनमा रहि लक्षित वर्गहरु लाभावन्ति हुने गरि कार्यक्रमहरु संचालन गर्ने ।

नेपाल राष्ट्र बैक तथा अन्य सम्बन्धीत नियामक निकायहरुले दिएको निर्देशन तथा संस्थाको नीति नियमको परिधिभित्र रहि संस्थागत दिगोपनालाई ध्यानमा राखि भविष्यमा आईपर्ने चुनौतीहरुको सामना गर्दै उपलब्ध अवसरहरुको उचित प्रयोग गरी आगामी दिनमा यस संस्थालाई उत्कृष्ट लघुवित्त संस्थाको रुपमा स्थापित गर्ने प्रति संचालक समिति सदैव प्रयत्नशिल छ ।

७.१६. संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य विषयहरु :

- समिक्षा अवधिमा वित्तीय बजारमा देखिएको तरलताको चरम अभाव साथै बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग थोक लघु कर्जाको वार्षिक व्याजदर अत्याधिक मात्रामा बृद्धि गर्दै गईरहेको र यसले आगामी दिनमा वित्तीय संस्थाले लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसक्नुको साथै वित्तीय आम्दानीमा समेत प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।
- लघुवित्त वित्तीय संस्थाहरुको संख्यात्मक बृद्धि सँगै एउटै ब्यक्तिले विभिन्न संस्थाबाट कर्जा लिने प्रवृति बढे सँगै बजारमा कर्जा सेवाको दोहोरोपना देखिएको हुँदा यसले कर्जाको सहि सदुपयोगिता, गुणस्तरियता लगायत कर्जा असुलीमा समेत प्रभाव पार्ने गरेको देखिन्छ ।
- विभिन्न वाह्य प्रभाव तथा बहकाबका कारण सदस्यहरुमा अनुशासनहिनता सिर्जना भई वित्तीय संस्थाको दैनिक आर्थिक कारोवारमा प्रतिकुल असर पर्ने गरेको छ ।
- लघुवित्त विरोधी समुहहरुको अराजक गतिविधिको कारण दैनिक फिल्ड व्यवस्थापनमा प्रतिकुल असर पर्ने गरेको छ ।
- कर्जा सूचना केन्द्रबाट प्राप्त हुने सम्वन्धीत ऋणीहरुको विवरण भरपर्दो एवम् बास्तविक हुन नसक्दा संस्थाले ऋणीहरुको अवस्था बारे सहि विश्लेषण गरि कर्जा लगानी गर्न समस्या रहेको छ ।
- राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुन सक्ने संभावित जोखिमहरु बाट समेत वित्तीय संस्थाको आर्थिक क्रियाकलापहरु प्रभावित हुने देखिन्छ ।

वित्तीय बजारमा विगतमा देखिएको चरम तरलताको अभाव हाल आएर क्रमिक रुपमा सुधार हुदै आईरहेको साथै बैंक तथा वित्तीय संस्थाहरुले विपन्न थोक लघु कर्जाको वार्षिक व्याजदर समेत क्रमिक रुपमा घटाईरहेको हुँदा आगामी दिनमा वित्तीय संस्थाले व्यवसाय विस्तार लगायत लक्ष्य अनुसार प्रगति हासिल गर्ने गरि कार्यान्वयन प्रक्रिया अघि बढाईरहेको व्यहोरा यस सभालाई जानकारी गराउँन चाहन्छु । साथै, संस्थाको कारोबारमा पर्न सक्ने असरका लागि यस वित्तीय संस्थाको सञ्चालक समिति, विभिन्न उपसमितिहरु तथा ब्यवस्थापन पक्ष चनाखो रही सम्भावित जोखिम तथा हानी नोक्सानी कम गर्न प्रतिवद्ध रहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

७.१७. वित्तीय संस्था प्राप्ति सम्बन्धमा :

वित्तीय संस्थाको मिति २०७९ चैत ११ गते सम्पन्न नवौं वार्षिक साधारण सभाद्धारा यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यको लागि बर्तमान सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रहि रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ५ मा केन्द्रीय कार्यालय रहि नेपाल राष्ट्र बैकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त प्रदेशस्तरको कार्यक्षेत्र रहेको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने उद्देश्यले मिति २०८० भदौ ७ गते प्रारम्भिक समझदारीपत्र (MOU) मा हस्ताक्षर सम्पन्न भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३, धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका २०७९, बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून वमोजिम प्राप्ति (एक्विजिशन) सम्बन्धी प्रक्रियाहरुलाई नियम संगत ढंगबाट संचालक स्तरिय संयुक्त प्राप्ति समितिद्धारा अघि बढाउँदै आइरहेको र नियमानुसार नेपाल राष्ट्र बैंकबाट मिति २०८०/०८/२७ गते सैद्धान्तिक सहमति र नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/०९/१९ गते पूर्व स्वीकृति प्राप्त भई प्राप्ति (एक्विजिशन) सम्बन्धी प्रक्रिया दृत गतिमा अघि बढिरहेको व्यहोरा गरिमामय सभालाई जानकारी गराउँन चाहन्छु।

साथै, सँयुक्त प्राप्ति समितिद्धारा नियुक्ति गरिएको मूल्यांकनकर्ता श्री एन. वि. रोकाया एण्ड एसोसियट्स, धापाखेल, ललितपुरले उपलव्ध गराएको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit (DDA) बमोजिम प्रति शेयर आधार नेटवर्थ (Base Net Worth Per Share) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. १२६।२१ र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. ११४।६० कायम भई शेयर स्वाप अनुपात (Share Swap Ratio) १०० : ९०।८० (समता घरेलु लघुवित्त वित्तीय संस्था लि. : मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.) हुने देखिएकोमा दुवै वित्तीय संस्था बिच मिति २०८० भदौ ७ गते सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU) को बुदाँ नं. ८ (ख) मा भएको सहमति साथै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र प्राप्ति (एक्विजिशन) सम्वन्धी विनियमावली २०७३ को विनियम ९(क) को व्यवस्था बमोजिम खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्दा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिको ९।२० प्रतिशत घटाई गणना गरिएको समायोजित आधार नेटवर्थ (Revised Base Net Worth) बमोजिम सोही विनियमावलीको विनियम ८(ख) मा उल्लेखित विधि बमोजिम संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) एक बराबर एकको अनुपात (१:१) अर्थात् समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर कायम गर्ने गरि सँयुक्त प्राप्ति समितिद्धारा निर्णय सिफारिस भई वित्तीय संस्थाको संचालक समितिको बैठकमा समेत छलफल एवम् निर्णय भई उल्लेखित शेयर स्वाप अनुपात (Share Swap Ratio) एक बराबर एकको अनुपात (१:१) कायम हुने गरि यस वित्तीय संस्थाले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने गरि आवश्यक प्रक्रिया अघि बढाउँन उपयुक्त देखिएको हुँदा यस गरिमामय सभाद्धारा समेत उक्त शेयर स्वाप अनुपातमा प्राप्ति (एक्विजशिन) सम्बन्धी प्रक्रिया अघि बढाउँने विशेष प्रस्तावलाई पारित गरि दिनु हुनको लागि अनुरोध गर्दछु। साथै, प्राप्ति (एक्विजिशन) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको पूँजीगत आकार, क्षेत्रगत विस्तार तथा जनशक्तिको आकारमा समेत बृद्धि भई वित्तीय संस्था थप उत्कृष्ट एवम् दरिलो हुने विश्वास समेत यस सभालाई अवगत गराउँन चाहन्छु।

धन्यवाद ज्ञापन

संस्थाको कारोवारमा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संस्थाको शेयरधनीहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल सरकारका सम्बन्धीत निकायहरु, स्थानीय संघ संस्थाहरु, शेयर रजिष्ट्रार आरबिबि मर्चेन्ट बैकिङ्ग क्यापिटल लिमिटेड, आवद्ध ग्राहक सदस्यहरु लगायत यस वित्तीय संस्थाको कारोबार सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाहरुमा आभार प्रकट गर्न चाहन्छु। साथै, भविष्यमा समेत यहाँहरुको अझ बढि सहयोग र मार्गदर्शनको अपेक्षा राखेको छु।

वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक कारोवारहरुलाई व्यवस्थित बनाउन साथै सहि मार्गदर्शन प्रदान गर्न भूमिका खेल्नु हुने आन्तरिक लेखापरीक्षक श्री एलएसपि एसोसियट्स र बाह्य लेखापरीक्षक श्री एस एण्ड एस एसोसियट्सलाई विशेष धन्यवाद प्रकट गर्दछु। यस वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने सम्पूर्ण बैक तथा वित्तीय संस्थाहरु, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायत यस वित्तीय संस्थाको सदस्यहरु तथा कर्जा जोखिमलाई न्यूनीकरण गर्न सहकार्य गर्नु हुने सम्पूर्ण ईन्स्योरेन्स कम्पनीहरु प्रति आभार प्रकट गर्दछु । कर्मचारीहरुको वृत्ति विकासको लागि समय सापेक्ष विभिन्न तालिमहरुको आयोजना गरि सहयोग गर्नु हुने विभिन्न तालिम प्रदायक निकायहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरुमा समेत विभिन्न किसिमका तालिमहरुमा सहभागिताको अपेक्षा समेत राखेका छौं ।

लघुवित्त संस्थाहरुको हकहितको लागि सम्वन्धीत नियामक निकायहरुमा आवश्यक पहल गर्दै आइरहेको लघुवित्त संस्थाहरुको छाता संगठन Microfinane Association of Nepal-MFAN Nepal Microfinance Bankers Assocation-NMBA प्रति आभार प्रकट गर्दै संस्थाले आजको दिन सम्म प्राप्त गरेको उपलब्धी, नीति निर्माण गर्न सहयोग गर्ने कर्मचारीहरुको सहयोग तथा संस्थाको भावी योजना व्यवस्थापन र अहोरात्र कार्य गर्ने कर्मचारीको मेहनतबाट मात्र सम्भब भएकोले संस्थाका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव एवम् सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस नवौं वार्षिक साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने यस नमोबुद्ध बैक्वेट एण्ड इभेन्ट, बनेपा-७, काभ्रेपलाञ्चोक लाई समेत धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

सञ्चालक समितिको तर्फबाट, डम्मर मणि थेवे लिम्बु

अध्यक्ष, मिति : २०८०/१२/२९

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण

आर्थिक वर्ष २०७९/०८०

८. दफा १०९ (४) सम्बन्धी विवरण

(क) विगत वर्षको कारोबारको सिंहावलोकन :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरिएको ।

(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :

- सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत जानकारी उपलब्ध गराईएको ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

- नभएको ।

(च) संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य कुराहरु :

- सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :

- आ.व. २०७९/०८० को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सामान्य कैफियत रहेकोमा सो उपर कारवाहि भई सकेको छ ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम :

- आ.व. २०७९/०८० मा लाभांश बाँडफाँडको लागि देहाय अनुसार प्रस्ताव गरिएको छ :

क्र.सं.	विवरण	प्रतिशत (%)	रकम (रु.)	कैफियत
१	प्रस्तावित बोनस शेयर	५.४२२२%	२,१३,७२,०७१.०५	
२	प्रस्तावित नगद लाभांश	०.२८५४%	११,२४,८४५.८४	कर प्रयोजनको लागि
	जम्मा	५.७०७६%	२,२४,९६,९१६.८९	

(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :

- आ.व. २०७९/०८० मा कुनै पनि शेयर जफत गर्ने कार्य नभएको ।

(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :

- आ.व. २०७९/०८० मा संस्थाको प्रगतिको सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख भई सकेको छ। संस्थाको कुनै सहायक कम्पनी नरहेको ब्यहोरा अवगत गराउँदछौं।

(ट) **संस्थाको सहायक कम्पनीले आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा संस्थाको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

- संस्थाको कुनै पनि सहायक कम्पनी नरहेको।

(ठ) **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

- आ.व. २०७९/०८० मा संस्थाको आधारभूत शेयरधनीहरुबाट वित्तीय संस्थालाई नियमानुसार उपलब्ध गराउनुपर्ने कागजात तथा तोकिएको अन्य आवश्यक विवरणहरु बाहेका अन्य छुट्टै रुपमा त्यस्तो कुनै जानकारी प्राप्त भएको छैन।

(ड) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

- आर्थिक वर्ष २०७९/०८० को अन्त्यसम्ममा सञ्चालक समितिका पदाधिकारीहरुले धारण गरेको शेयरको विवरण देहाय बमोजिम रहेको छ।

सञ्चालक समितिका पदाधिकारीहरू :

क्र.सं.	सञ्चालकहरुको नाम, थर	पद	ग्रहण गरेको कुल शेयर कित्ता	प्रतिशत
१.	श्री डम्बरमणि थेबे लिम्बु	अध्यक्ष	१४०,२१६.८३	३.५६%
२.	श्री राजेश्वर प्रसाद आचार्य,	सञ्चालक	६३,३६१.८७	१.६१%
३.	श्री विश्वराम खड्का,	सञ्चालक	५३,१०२.९५	१.३५%
४.	श्री हरि बहादुर भण्डारी,	सञ्चालक	१६९,६३७.३३	४.३०%
५.	श्री अनुपा ओझा	सञ्चालक	१७३.८८	०.००४४%
६.	श्री भक्त राम खड्का,	सञ्चालक	१,२०२.२१	०.०३०%
७.	श्री निरंजन पराजुली	स्वतन्त्र सञ्चालक	शून्य	शून्य

व्यवस्थापन पदाधिकारी :

क्र.सं.	व्यवस्थापकको नाम	पद	ग्रहण गरेको कुल शेयर कित्ता	प्रतिशत
१.	श्री डा.मदन घिमिरे	प्रमुख कार्यकारी अधिकृत	१००,१५४.८८	२.५४%

वित्तीय संस्थाका सञ्चालक एवम् व्यवस्थापन पदाधिकारीहरुले वित्तीय संस्थाबाट निष्काशन गरिएको शेयर खरिद गर्ने र साधारण सभाबाट पारित लाभांश ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नभएको।

(ढ) **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

- कुनै सम्झौता नभएको/कारोवार नभएको।

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**

- हालसम्म संस्थाले आफ्नो शेयर आफै खरिद गरेको छैन।

(त) **आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

- संस्थाको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने सन्दर्भमा विभिन्न समिति तथा उपसमितिहरुको गठन गरिएको साथै आन्तरिक नीति नियम तथा निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा रहेको जस्को विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

(थ) **विगतको आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

- आर्थिक वर्ष २०७९/०८० मा संस्थाको कुल व्यवस्थापन खर्च निम्नबमोजिम रहेको छ ।

कर्मचारी खर्च	रु. १२,४२,२३,८६०/-
अन्य सञ्चालन खर्च	रु. ३,३९,२५,४०४/-
कुल सञ्चालन खर्च	रु. १५,८१,४९,२६४/-

(द) **लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

- लेखापरीक्षण समितिका सदस्यको नामावली देहाय बमोजिम रहेको छ :

१. श्री निरंजन पराजुली	(गैर कार्यकारी संचालक)	संयोजक
२. श्री राजेश्वर प्रसाद आचार्य	(गैर कार्यकारी संचालक)	सदस्य
३. श्री सरोज प्रसाद रिमाल	(अनुगमन तथा सुपरिवेक्षण विभाग)	सदस्य सचिव

- समितिका संचालक स्तरिय संयोजक तथा सदस्यलाई प्रति बैठक भत्ता रु. ४,०००/- प्रदान गर्दै आइरहेको छ भने कर्मचारी स्तरिय सदस्यलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन ।
- आ.व. २०७९/०८० मा समितिको बैठक ४ पटक बसेको र सो बैठकले संस्थाको प्रगति विवरण त्रैमासिक रुपमा समिक्षा गरि सुधारका लागि ब्यवस्थापनलाई समय समयमा आवश्यक निर्देशन तथा सुझावहरु दिदैं आइरहेको छ ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

- कारोवार नभएको ।

(न) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- आ.व. २०७९/०८० मा संचालक समितिको पदाधिकारीहरुलाई नियमावली भएको प्रावधान अनुसार भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण :

क्र.सं.	विवरण	रकम रु.
१	बैठक भत्ता खर्च	३,६९,०००
२	संचार खर्च	२,१६,०००
३	दैनिक तथा भ्रमण खर्च	१,४८,६३८
४	बैठक व्यवस्थापन खर्च	३,२४,७९९
	जम्मा	१०,५८,४३७

- आ.व. २०७९/०८० मा प्रमुख कार्यकारी अधिकृत श्री डा.मदन घिमिरेलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुको विवरण :

क्र.सं.	विवरण	पारिश्रमिक तथा अन्य सूविधा रकम
१	तलव	२३,६९,०००
२	भत्ता	१२,००,०००
३	सामाजिक सूरक्षा कोष	४,६८,०००
४	दशै भत्ता	२,९८,२५०
	जम्मा	४३,४५,२५०

(प) **शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

- आर्थिक वर्ष २०७८/०७९ को जारी नगद लाभांशको रकम २०८० मंसिर मसान्तसम्ममा बुझिलिन बाँकी रहेको रकम देहाय बमोजिम रहेको व्यहोरा वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैकिङ्ग लि. बाट जानकारी प्राप्त भएको ।

संस्थापक शेयरधनीबाट : रु. २,०५,१०२।०८
सर्वसाधारण शेयरधनीबाट : रु. २,४८,०६६।१४
जम्मा : रु. ४,५३,१६८।२२

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

- दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री नभएको ।

(ब) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

- संस्थाको व्यवसायिक कारोबारको सिलसिलामा भएको कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(भ) **यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा:**

- प्रचलित कानून बमोजिम खुलाउनु पर्ने आवश्यक सबै कुरा खुलाई सकिएको ।

(म) **अन्य आवश्यक कुराहरु :**

- नभएको ।

९. धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-१५ बमोजिमको वार्षिक प्रतिवेदन

(१) सञ्चालक समितिको प्रतिवेदन :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(२) लेखापरीक्षकको प्रतिवेदन :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(३) लेखापरीक्षण भएको वित्तीय विवरण :

- यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

(४) कानूनी कारवाही सम्बन्धी विवरण :

(क) **समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**

- समिक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर नभएको ।

(ख) **संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**

- समिक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्द आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**

- समिक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :

(क) **धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजार प्रकृयामा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारण नरहेको ।

(ख) **आ.व. वर्ष २०७९/०८० को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण :**

विवरण	आश्विन मसान्त २०७९	पौष मसान्त २०७९	चैत्र मसान्त २०७९	आषाढ मसान्त २०८०
अधिकतम मूल्य	रु. ९६३	रु. ९१५	रु. ९०१	रु. ७६९।८०
न्यूनतम मूल्य	रु. ६९६।३	रु. ७०१।२	रु. ५५२	रु. ५५३।७०
अन्तिम मूल्य	रु. ७१८	रु. ८६१	रु. ६१०	रु. ७०२।७०
शेयर कारोवार संख्या	१,७३२	९५७	१,१५८	९०९
कारोवार दिन	६५	५२	५६	६२

(६) समस्या र चुनौती :

(क) आन्तरिक :

- कार्यक्रमको वृद्धिसंगै सञ्चालन खर्चमा समेत वृद्धि हुदै जानु ।
- फिल्डमा काम गर्ने दक्ष कर्मचारीको अभाव ।
- सदस्यहरुमा वित्तीय साक्षरताको कमी ।

(ख) वाह्य :

- हाल वित्तीय बजारमा देखिएको तरलता अभाव ।
- लघुवित्त कार्यक्रम विरोधी समुहहरुको अराज गतिविधि ।
- लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा ।
- एउटै सदस्यले विभिन्न संस्थाहरुबाट कर्जा लिएको ।
- बैंकहरुले कर्जामा लिने व्याजदर उच्च भएको ।
- अप्रत्यासित रुपमा आई पर्ने प्राकृतिक प्रतिकूल अवस्था ।

(ग) रणनीति :

- वित्तीय साक्षरतामा जोड दिने ।
- कर्मचारी कार्य कुशलतामा वृद्धि गर्ने ।
- ग्राहकको माग, चाहना अनुरुप ग्राहकमुखी सेवा सुविधाको विकास तथा विस्तार गर्ने ।
- प्रशासनिक कार्य कुशलतामा सुधार गर्ने ।
- जोखिम व्यवस्थापनको सुदृढीकरण गर्ने ।
- कर्जा जोखिम व्यवस्थापन गरी खराब कर्जालाई सक्रिय कर्जामा परिणत गर्ने ।
- प्रविधियुक्त सेवा विस्तार गर्ने ।

(७) संस्थागत सुशासन :

यस संस्थाले आफ्नो काम कारोवार चुस्त दुरुस्त छिटो छरितो एवम् संस्थागत सुशासनलाई उच्च महत्व दिई सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएको छ । त्यस्तै संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य सम्बन्धीत ऐन नियमहरुको पूर्ण पालना गरी रहेको छ ।

१०. संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

सूचीकृत सङ्गठित संस्थाको नाम	समता घरेलु लघुवित्त वित्तिय संस्था लिमिटेड
ठेगाना, इमेल र वेभसाइट	ठेगाना : बनेपा-७, काभ्रेपलाञ्चोक Webiste: www.samata.org.np Email: samata@samata.org.np
फोन नं.	०११-५९७००००
प्रतिवेदन पेश गरिएको आ.व.	आ.व. २०७९/०८०

१. सञ्चालक समिति सम्बन्धी विवरण :

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति :

- **सञ्चालक समितिको अध्यक्षको नाम** : श्री डम्मर मणि थेबे लिम्बु
- **नियुक्ति मिति** : २०७८/०९/०७

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य) :

वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर संरचना ७० : ३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरि नपुग शेयर रु. ३,३२,८५,६००/- बराबरको शेयर सर्वसाधारणलाई पुनः शेयर जारी (Further Public Offering-FPO) गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट अन्तिम स्वीकृतिको प्रक्रियामा रहेको।

(ग) सञ्चालक समिति सम्बन्धी विवरण :

हाल कायम सञ्चालक समितिहरुको विवरण देहाय बमोजिम रहेको छ।

क्र.सं	संचालकहरुको नाम तथा ठेगाना	प्रतिनिधित्व भएको समूह	शेयर संख्या	नियुक्ति भएको मिति	पद तथा गोपनियताको सपथ लिएको मिति
१	श्री डम्मर मणि थेवे लिम्बु	संस्थापक	१४०,२१६.८३	२०७८/०९/०७	२०७८/०९/१९
३	श्री राजेश्वरप्रसाद आचार्य	संस्थापक	६३,३६१.८७	२०७८/०९/०७	२०७८/०९/२०
३	श्री हरि बहादुर भण्डारी	संस्थापक	१६९,६३७.३३	२०७८/०९/०७	२०७८/०९/२०
४	श्री विश्वराम खड्का	संस्थापक	५३,१०२.९५	२०७८/०९/०७	२०७८/०९/२०
५	श्री भक्तराम खड्का	सर्बसाधारण	१,२०२.२१	२०७८/०९/०७	२०७८/०९/२०
६	श्री अनुपा ओझा	सर्बसाधारण	१७३.८८	२०७८/०९/०७	२०७८/०९/२०
७	श्री निरंजन पराजुली	स्वतन्त्र	०	२०७८/०९/०७	२०७८/०९/२०

***नोट** : निर्वाचित सञ्चालकहरु सम्बन्धी जानकारी त्यस कार्यालयलाई मिति २०७८/०९/०८ गते च.नं. ४४५/०७८/७९ को पत्रानुसार* errs.sebon.gov.np *मार्फत जानकारी गराई त्यस कार्यालयबाट प्राप्त* Submission Number: 2021122350040 *सहित प्रमाणित भएको जानकारी प्राप्त।*

(घ) सञ्चालक समितिको बैठक :

- आर्थिक वर्ष २०७९/०८० मा सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

बैठक न.	यस आ.ब.मा बसेको संचालक समितिको बैठक मिति	उपस्थित संचालकको संख्या	बैठकको निर्णयमा भिन्न मत राखि हस्ताक्षर गर्ने संचालकको संख्या	गत आ.ब.मा बसेको बैठकको मिति	बैठक नं
१३२	२०७९।०४।२४	७	नरहेको	२०७८/०४/१६	११४
१३३	२०७९।०५।२०	६	नरहेको	२०७८/०४/२५	११५
१३४	२०७९।०७।०४	७	नरहेको	२०७८/०५/११	११६
१३५	२०७९।०७।२९	७	नरहेको	२०७८/०६/११	११७
१३६	२०७९।०८।२८	७	नरहेको	२०७८/०७/१५	११८
१३७	२०७९।०९।१८	७	नरहेको	२०७८/०८/०९	११९
१३८	२०७९।१०।२०	७	नरहेको	२०७८/०८/२६	१२०
१३९	२०७९।११।१२	७	नरहेको	२०७८/०९/०६	१२१
१४०	२०७९।१२।१०	७	नरहेको	२०७८/०९/०७	१२२
१४१	२०७९।१२।२८	७	नरहेको	२०७८/०९/२१	१२३
१४२	२०८०।०१।२६	७	नरहेको	२०७८/१०/११	१२४
१४३	२०८०।०२।३१	६	नरहेको	२०७८/११/१२	१२५
१४४	२०८०।०३।२५	७	नरहेको	२०७८/१२/०१	१२६
				२०७८/१२/२०	१२७
				२०७९/०१/२२	१२८
				२०७९/०२/०३	१२९
				२०७९/०२/२४	१३०
				२०७९/०३/२४	१३१

- **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगि स्थगित भएको भए सोको विवरण :** हाल सम्म कुनै पनि बैठक स्थगित नभएको ।
- **सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :**

सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने):	मिति २०७९/०५/२० गते बसेको १३३ औ बैठकमा संचालक श्री अनुपा ओझा र मिति २०८०/०२/३१ गते बसेको १४३ औं बैठकमा संचालक श्री विश्वराम खड्का व्यक्तिगत कारणले बैठकमा उपस्थित हुन नसकेको ।
सञ्चालक समितिको वैठकमा उपस्थित सञ्चालकहरु, छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माईन्युट) को छुट्टै अभिलेख राखे नराखेको :	छुट्टै अभिलेख राख्ने गरिएको ।
सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) :	४६ दिनको अन्तर (बैठक नं. १३३ र १३४ बिच)
सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति :	२०७७/०९/१४, सातौं वार्षिक साधारण सभाद्धारा
सञ्चालक समितिको प्रति बैठक भत्ता रु.	अध्यक्ष रु. ५,०००/- संचालक रु.४,०००/-

आर्थिक बर्षको सञ्चालक समितिको कुल बैठक खर्च रु.	बैठक भत्ता : रु. ३,६९,०००/-, संचार तथा पत्रपत्रिका खर्च : रु. २,१६,०००/-, दैनिक भ्रमण खर्च : रु. १,४८,६३८/- र बैठक व्यवस्थापन खर्च : रु. ३,२४,७९९/- गरि कूल खर्च रु. : रु. १०,५८,४३७/-

२. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण :

सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको :	नेपाल राष्ट्र बैंकद्वारा वित्तीय संस्थाको सञ्चालकहरुलाई लागू हुने गरी जारी गरिएको निर्देशन अनुसार आचार संहिता कायम भएको ।
एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण :	नभएको ।
सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विवरण : क्र.सं. | विषय | मिति | सहभागी संचालकहरुको संख्या | तालिम संचालन भएको स्थान —	क्र.सं. | विषय | मिति | सहभागी संचालकहरुको संख्या | तालिम संचालन भएको स्थान — समिक्षा अवधिमा यस सम्बन्धी कार्यक्रममा सहभागी नभएको
प्रत्येक सञ्चालकले आफु सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण : ▪ संस्थासंग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण, ▪ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण, ▪ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभुत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण, ▪ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण,	सञ्चालकले आफु सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको । ▪ संस्थासंग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण : **करार नगरेको ।** ▪ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण : **शेयर वा डिबेन्चर नभएको ।** ▪ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभुत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण : **आधार भुत शेयरधनी वा सञ्चालक नभएको ।** ▪ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण : **काम नगरेको ।**
सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण,	सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण : **नभएको ।**
सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण:	सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण : **नभएको ।**

३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण :

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण :

सञ्चालक स्तरिय जोखिम व्यवस्थापन समिति गठन भएको ।

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी :

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद) (आ.व. २०७९/०८० मा कायम)

१. श्री हरि बहादुर भण्डारी (गैर कार्यकारी संचालक)	संयोजक
२. श्री सोनाम शेर्पा (विभागीय प्रमुख)	सदस्य
३. श्री ईश्वरी प्रसाद ढकाल (विभागीय प्रमुख)	सदस्य सचिव
४. श्री निरंजन पराजुली (संचालक)	पदेन सदस्य

(आ) समितिको बैठक संख्या : आ.व. २०७९/०८० मा त्रैमासिक रुपमा जम्मा ४ वटा बैठक बसेको ।

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण :

- समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बसी जोखिमको विश्लेषण, जोखिम व्यवस्थापनको लागि आवश्यक पहल गर्ने तथा आवश्यक परेमा सुझावहरु समितिमा पेश गर्ने,
- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने,
- व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने
- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आङ्कलन, मूल्याङकन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने,
- जोखिमयुक्त सम्पत्तिको लेखाजोखा, पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरि सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने,
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेको आन्तरिक सीमा, उपर्युक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने,
- सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषणगरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने,
- इजाजतपत्रप्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रासको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समिक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने,

- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सहितसञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ग) **आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको** : वित्तीय संस्थाको आन्तरिक नियन्त्रणका लागि संस्थाको आवश्यकता एवम् सम्बन्धीत नियामक निकायहरुको निर्देशन बमोजिम विभिन्न विनियमावली, कार्यविधि, निर्देशिका तथा परिपत्रहरु तयार गरी लागू गर्दै आईरहेको छ ।

(घ) **आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको भए सोको कारण** : वित्तीय संस्थाको समग्र आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गराउँने गरि सञ्चालक स्तरिय र व्यवस्थापन स्तरिय समितिहरु नेपाल राष्ट्र बैंकको प्रावधान तथा संस्थाको आन्तरिक नीति नियम बमोजिम समिक्षा अवधिमा अनुसूचि १ बमोजिम गठन भई कार्यान्वयन प्रक्रिया अघि बढाईएको ।

(ङ) **आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण** : वित्तीय संस्थामा छुट्टै आन्तरिक नियन्त्रण प्रणाली समिति नरहेको तथापी संस्थाको आन्तरिक नीति नियम तथा सम्बन्धीत नियामक निकायको प्रावधान बमोजिम वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउने उद्देश्यले विभिन्न समिति तथा उप समितिहरु गठन गरी कार्यान्वयन प्रक्रिया अघि बढाउँदै आइरहेको ।

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद) : सो नामको समिति नरहेको ।

(आ) समितिको बैठक संख्या : सो नामको समिति नरहेको ।

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण : सो नामको समिति नरहेको ।

(च) **आर्थिक प्रशासन विनियमावली भए/नभएको : भएको (आर्थिक प्रशासन विनियमावली २०७८ कार्यान्वयनमा रहेको)**

४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण :

(क) **संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण :**

विषय	माध्यम	सार्वजनिक गरेको मिति
१. वार्षिक साधारण सभाको सूचना (आ.व. २०७८/७९, नवौं वार्षिक साधारण सभा) *(नोटः आ.व. २०७९/०८० को वार्षिक साधारण सभा संचालन हुन बाँकी)*	राष्ट्रियस्तरको पत्रिका र संस्थाको वेभसाइट	प्रथम पटक प्रकाशित मिति : २०७९/११/१९ दोश्रो पटक प्रकाशित मिति : २०७९/१२/०६
२. आर्थिक वर्ष २०७८/०७९ वार्षिक प्रतिवेदन *(नोटः आ.व. २०७९/०८० को वार्षिक साधारण सभा संचालन हुन बाँकी)*	संस्थाको वेभसाईट, शेयर रजिष्ट्रार र प्रत्यक्ष भेटघाट	मिति : २०७९/१२/०५
३. त्रैमासिक वित्तीय प्रतिवेदन (आर्थिक वर्ष २०७९/०८०)	राष्ट्रियस्तरको पत्रिका र संस्थाको वेभसाइट	प्रथम त्रैमास : २०७९/०७/२६ (अन्नपूर्ण) दोश्रो त्रैमास : २०७९/१०/२८ (अभियान) तेश्रो त्रैमास : २०७९/०१/३० (अभियान) चौथो त्रैमास : २०७९/०४/२९ (अभियान)

४. धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सुचना	नेपाल स्टक एक्सचेन्ज, नेपाल धितोपत्र बोर्ड	**त्रैमासिक प्रतिवेदन** : बुदा नं. ३ मा उल्लेख गरिए बमोजिम। **लाभांश घोषणा सम्बन्धी जानकारी** : २०७९/०८० सम्मको वितरणयोग्य मूनाफाबाट मिति २०८०/०८/२४ गते बसेको संचालक समितिको १५० औ बैठक (दिउँसो ३:१५ बजे बसेको) बसि लाभांस घोषणा सम्बन्धी निर्णय भएको र सोहि दिन सम्बन्धीत निकायलाई जानकारी गराईएको। **मर्जर सम्बन्धी जानकारी** : यस वित्तीय संस्थाले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गर्ने सम्बन्धमा मिति २०८०/०५/०७ गते (बिहान ९:००) प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर सम्बन्धी जानकारी सोहि दिन २०८०/०५/०७ गते कारोवार समय भन्दा अगावै दिईएको। **बुक क्लोज जानकारी** : मिति २०७९/१२/११ गते सम्पन्न नवौँ वार्षिक साधारण सभा प्रयाजनार्थ बुक क्लोज मिति २०७९/१२/०१ गते तोकि नेप्सेलाई जानकारी गराईएको। *(नोटः आ.व. २०७९/०८० को वार्षिक साधारण सभा संचालन हुन बाँकी)*
५. संस्थापक शेयर खरिद विक्री सम्बन्धी सूचना		आर्थिक वर्ष २०७९/०८० मा संस्थापक शेयर खरिद बिक्री नभएको

(ख) **सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहीमा परेको भए सो सम्बन्धी जानकारी** : हालसम्म कारवाहीमा नपरेको।

(ग) **पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति** : २०७९/१२/११, नवौँ वार्षिक साधारण सभा (आ.व. २०७८/०७९)

५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण :

(क) **कर्मचारीहरुको संरचना, पदपुर्ति, वृत्ति बिकाश, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र बिदा, आचार संहिता लगायतका कुराहरु समेटिएको सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको** : कर्मचारी सेवा विनियमावली, २०७८ रहेको।

(ख) **संगठनीय संरचना संलग्न गर्ने** : अनुसूची २ मा उल्लेख गरिएको।

(ग) **उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण** :

क्र.सं	कर्मचारीको नाम	योग्यता	ठेगाना	कार्यानुभव	पद
१.	डा. मदन घिमिरे	विद्यावारिधी	बराहक्षेत्र ४, सुनसरी	अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा बैंक तथा वित्तीय क्षेत्रमा ३० वर्षको कार्यानुभव।	प्रमुख कार्यकारी अधिकृत
२.	विश्वराज श्रेष्ठ	स्नातकोत्तर	हेटौडा ११, मकवानपुर	राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा बैंक तथा वित्तीय संस्थाहरुमा करिब १५ वर्षको कार्यानुभव।	बरिष्ठ प्रबन्धक/कम्पनी सचिव

(घ) **कर्मचारी सम्बन्धी अन्य विवरण :**

संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेको :	गर्ने गरिएको
नयाँ कर्मचारीहरुको पदपुर्ति गर्दा अपनाएको प्रकृया :	लिखित परीक्षा, सामुहिक प्रस्तुति तथा अर्न्तवार्ता ।
व्यवस्थापन स्तरका कर्मचारीको संख्या :	५ जना
कुल कर्मचारीको संख्या :	२८५
कर्मचारीहरुको सेलेक्सन प्लान भए/नभएको :	भएको
आ.व. कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्या :	२१ वटा आन्तरिक तथा बाह्य तालिमहरुमा २२१ जना कर्मचारीहरु सहभागी भएको ।
आ.व. को कर्मचारी तालिम खर्च रु. :	रु. २७,०७,१२१/-
कुल खर्चमा कर्मचारीको खर्चको प्रतिशत :	२८।१३ प्रतिशत
कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशत :	२।१८ प्रतिशत

६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण :

(क) **लेखासम्बन्धी विवरण :**

संस्थाको पछिल्लो आ.व को वित्तिय विवरण NFRS अनुसार तयार गरे/नगरेको भए सोको विवरण :	आ.व. २०७९/०८० मा NFRS अनुसार वित्तीय विवरण तयार गरिएको ।
संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति :	२०८०/०८/२४ (आ.व. २०७९/०८० को बाह्य लेखापरीक्षण प्रतिवेदन)
त्रैमासिक वित्तिय विवरण प्रकाशन गरेको मिति :	आर्थिक वर्ष २०७९/०८० को, प्रथम त्रैमास : २०७९/०७/२६ (अन्नपूर्ण) दोश्रो त्रैमास : २०७९/१०/२८ (अभियान) तेश्रो त्रैमास : २०७९/०१/३० (अभियान) चौथो त्रैमास : २०७९/०४/२९ (अभियान)
अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति :	२०८०/०८/२४ (आर्थिक वर्ष २०७९/०८०)
साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति :	दशौँ वार्षिक साधारण सभा (आ.व. २०७९/०८०) सम्पन्न हुन बाँकी
संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विवरण : (अ) आन्तरिक लेखापरीक्षण गर्ने गरिएको वा बाह्य विज्ञ नियुक्त गर्ने गरिएको (आ) बाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण (इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक,चौमासिक वा अर्धबार्षिक)	अ. आन्तरिक लेखापरीक्षणको लागि उपयुक्त लेखा व्यवसीय छनौट गरि निजहरु मार्फत गर्ने गरिएको । आ. सञ्चालक समितिको मिति २०७९/०७/०४ गतेको १३४ औ बैठकको निर्णयानुसार आ.व. २०७९/०८० को लागि LSP Associates, ललितपुर लाई नियुक्ति गरिएको । इ. त्रैमासिक रुपमा केन्द्रीय तथा शाखा कार्यालयहरुको पूर्व निर्धारित कार्यतालिका अनुसार आन्तरिक लेखापरीक्षण गर्ने गरिएको ।

(ख) **लेखापरीक्षण समितिसम्बन्धी विवरण :**

संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता :	श्री निरंजन प्रसाद आचार्य (संचालक), स्नातक संयोजक श्री राजेश्वर प्रसाद आचार्य (संचालक), स्नातकोत्तर सदस्य श्री सरोज प्रसाद रिमाल (अनुगमन विभाग प्रमुख) सदस्य सचिव

बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या :	आ.व. २०७९/०८० मा विभिन्न मितिमा ४ पटक बैठक बसेको जसमा सबै पदाधिकारी उपस्थित रहेको ।
प्रति बैठक भत्ता रु. :	कर्मचारी बाहेक संचालक स्तरिय पदाधिकारीहरुलाई प्रति बैठक रु. ४,०००/- उपलब्ध गराउँदै आइरहेको ।
लेखापरीक्षण समितिले आफ्नो काम कारवाही प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको मिति :	आ.व. २०७९/०८० मा प्रत्येक त्रैमासमा बैठक बसि संस्थाको वित्तीय विवरण लगायत अन्य आवश्यक विषय वस्तुहरुमा छलफल भई संचालक समिति तथा व्यवस्थापन पक्षलाई सल्लाह, सूझाव उपलब्ध गराउँने गरेको ।

७. अन्य विवरण :

संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको	नलिएको
प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सुचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको	नगरेको
नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको	भएको
नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरिवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको	भएको
संस्था वा संचालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण	नभएको

.....

परिपालन अधिकृतको नाम : विश्वराज श्रेष्ठ

पद : बरिष्ठ प्रबन्धक/कम्पनी सचिव

मिति : २०८०/०९/२४

.....

प्रमुख कार्यकारी अधिकृत : डा. मदन घिमिरे

मिति : २०८०/०९/२५

संस्थाको छाप :

प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत मिति : २०८०/०९/२७ (१५१ औ बैठक)

.....

लेखापरीक्षक :

एस एण्ड एस एसोसियट्स, काठमाण्डौं

मिति : २०८०/०९/२७ (UDIN Number: 240112CA00092zS7mj)

नोट : यो प्रतिवेदन सुचीकृत सङ्गठित संस्थाको परिपालन अधिकृतले तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखा परीक्षकबाट प्रमाणित गराई नेपाल धितोपत्र बोर्डमा लेखापरीक्षण प्रतिवेदनसँग पेश गर्नुपर्ने छ ।

११.आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयार पारिएको स्वीकृत वित्तीय विवरण :

S & S Associates
Chartered Accountants

INDEPENDENT AUDITOR'S REPORT

To the Shareholders of Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Report on the Audit of the Financial Statements

Opinion

We have audited the financial statements of M/s. Samata Gharelu Laghubitta Bittiya Sanstha Limited, which comprise the statement of financial position as at 31st Ashadh 2080 (16th July 2023), and the statement of comprehensive income, statement of changes in equity and statement of cash flow for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the entity as at 31st Ashadh 2080(16th July 2023) and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

Basis for opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the Institute of Chartered Accountants of Nepal's (ICAN) Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters (KAM) are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters to be communicated in our report:

Key Audit Matters	How our audit addressed the KAM
Impairment of loans and advances to customers	
Laghubitta's policy for the allowance for impairment of loans and advances have been based on the application of incurred loss model, and Nepal Rastra Bank regulations, as applicable. It involves significant management judgement and estimation. In addition, assessment of allowances for impairment is important as carve out provides for higher of the incurred loss model or NRB's directive. The carrying value of the loans & advances to customers can be materially misstating if management's judgement and estimation are inappropriate. Therefore, considering the significance of the above matter to the financial statements, we have identified this as a key audit matter.	We tested the Laghubitta's operating effectiveness of key controls to identify loss events and for determining the extent of provisioning required against non- performing loans & advances. The testing of control included testing of: • Controls over correct identification and classification of non-performing loans and advances on time-based criteria. • Control over accurate computation and recording of provisions. • Control over statistical model used to calculate the incurred loss in accordance with incurred loss model. • Control over the monitoring of loans and advances to customers with higher risk default. • Control over the governance and approval process for provisions including ongoing

Continue...

	reassessment by the Laghubitta's Management. In carrying out the substantive procedures, we selected sample of loans & advances to customers and checked the repayment schedules and tested the classification of non-performing loans based on overdue period. Assessed the management's assumption and judgement for classification of loans & advances based on repayment pattern, documentation, assessment of control over mortgage value of loans & advances, inspection and discussion with management. Our **Result:** We considered the impairment charges on loans & advances to customers and interest recognition to be acceptable.
Information technology system	
The information technology of the Laghubitta involves a large number of independent and inter-dependent IT systems that are used that to process and record a large volume of transactions in the Laghubitta's activities. As a result, the Laghubitta's financial accounting and reporting procedure places a significant level of reliance and rely on such its systems. Appropriate IT general controls and application controls are required to ensure that such its systems are able to process the data, as required, completely, accurately and consistently for reliable financial reporting. Due to the importance of the impact of the IT systems and related control environment on the Laghubitta's financial reporting process, we have identified testing of such IT systems and related control environment as a key audit matter.	Our audit approach regarding Information Technology of the Laghubitta is included: • We conducted the detail understating and testing regarding the existing system via enquiry, re-performance and inspection to the best of our knowledge. • Verification of loan and advance provision based on aging on a test check basis. • On a sample basis, reviewed the reports generated by the system. On a test basis, we verified interest revenue and expense booking for loans and deposits using the Laghubitta's System. **Our Result:** We considered the IT systems and their relevant controls to be adequate.
Interest income	
Interest income has been recognized on accrual basis as per the interest recognition guidelines of Nepal Rastra Bank NFRS. Interest has not been recognized on accrual basis in case of non-performing loans. Due to limitation of lack of system capability to review the fair value of the collateral on regular basis, manual intervention might be required for recognition of accrual of interest income. As this may have effect on the recognition of the interest income by the Microfinance, we have considered it as a key audit matter.	We applied following procedures in respect of verification of interest income: • Understanding of the core banking software of the Microfinance how interest rate on loans and advances has been implemented in system. • Whether interest income on advances is automatically generated in the CBS system. • Review of accrual and recognition interest income whether relevant NFRS and the NRB norms have been followed by the Microfinance for the same. • Review. and verify the transactions relating to manual debit or credit of interest in the system Understanding as to how the Microfinance's management monitors their business, analyse its credit portfolio and the interest income thereon.

Continue...

	• Review whether the legal remedies against defaulting borrowers are not adversely affected. **Our Result:** Accounting policies and recognition of interest income has been considerable.

Responsibilities of Management and Those Charged with Governance for the financial statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or errors.

In preparing the financial statements, management is responsible for assessing the entity's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Group's financial reporting process.

Auditor's responsibilities for the audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional scepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control.

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management.

- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the entity's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the entity to cease to continue as a going concern.

S. & S. Associates Kathmandu Chartered Accountants

Continue...

